# देवचुली नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः ९) नवलपरासी (ब.सू.पू), असोज १४ गते, २०८३ (सख्याः ३**


देवचुली नगरपालिका राजपत्र

## भाग-२

### कृषि सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**<u>प्रस्तावनाः</u>**

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि देवचुली नगरपालिका कृषि सम्बन्धी विभिन्न कार्यक्रमहरूको कार्यान्वयनलाई ब्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकाले, देवचुली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "**कृषि सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३**" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि देखि लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क)अनुदानः भन्नाले देवचुली नगरपालिकाबाट विनियोजित बजेटअनुसार स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यावसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारणका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानुनअनुसार लेखा राख्ने तथा वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक सहायता, वस्तुगत सहयोग, पूर्वाधार विकास वा उपलब्ध गराइने कृषि सामग्री, उपकरण तथा अन्य सहायता सम्झनु पर्छ।

(ख)अनुदानग्राहीः भन्नाले यस कार्यविधिअनुसार छनौट भएका लाभग्राही कृषक, कृषि उद्यमी, कृषि फर्म/फार्म, कृषक समूह, कृषि सम्बन्धी सहकारी संस्था, कृषिसँग सम्बन्धित समिति, सिंचाई उपभोक्ता समिति, सामुदायिक वन समिति, टोल विकास समिति तथा कृषि व्यवसायी सम्झनु पर्छ।

देवचुली नगरपालिका राजपत्र

(ग)आर्थिक विकास समिति भन्नाले देवचुली नगरपालिकाको आर्थिक विकास समिति सम्झनु पर्छ।

(घ)**कार्यक्रम** भन्नाले नगरपालिकाले वार्षिक रुपमा स्वीकृत गरी कृषि विकास शाखा तथा वडा कार्यालयबाट सञ्चालन गरिने कृषि सम्बन्धी कार्यक्रम सम्झनु पर्छ।

(ङ)**कृषि** भन्नाले बाली, बागवानी, तरकारी बाली, तथा व्यावसायिक कीट सम्बन्धी उत्पादन, प्रशोधन, रोग किरा व्यवस्थापन, उद्योग एवं कृषि व्यवसाय सम्झनु पर्छ।

(च)**कृषि सामग्री** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने प्राङ्गारिक मल, बिउ, बेर्ना, बिरुवा, विषादी, जैविक पदार्थ तथा हार्मोन, कृषि चुन, पोषक तथा सूक्ष्म तत्व, मौरी घार/गोला, कृषि औजार, मल्चिङ्ग प्लाष्टिक, यन्त्र उपकरण तथा उत्पादन, प्रशोधन, कृषि उद्योग एवं व्यावसायीक कार्यमा सहयोग पुर्याउने अन्य सामग्री/वस्तु सम्झनु पर्छ।

(छ)**निजी पूर्वाधार** भन्नाले कृषक वा उद्यमी वा फर्म/फार्म वा कम्पनीबाट निर्माण गरिने साना सिँचाइ संरचना, नर्सरी स्थापना, संरक्षित संरचना जस्ता उत्पादन, प्रशोधन तथा बजार सम्बन्धी विभिन्न नीजि प्रयोजनका पूर्वाधारहरू सम्झनु पर्छ।

(ज)**प्रदेश मन्त्रालय** भन्नाले प्रदेश स्तरमा कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ)**बैंक** भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कम्तीमा "घ" वर्गको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

देवचुली नगरपालिका राजपत्र

(ञ)**मन्त्रालय** भन्नाले संघीय सरकारको कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ट)**लक्षित वर्ग** भन्नाले कृषक, कृषि उद्यमी/उद्योगी, कृषक समूह, कृषि तथा पशुपन्क्षी फर्म/फार्म, कृषि तथा कृषि सम्बन्धी सहकारी, समितिका सदस्यहरू सम्झनु पर्छ।

(ठ)**विद्यालय** भन्नाले नेपाल सरकारबाट स्थापित सार्वजनिक वा सामुदायिक लगानीमा सञ्चालित विद्यालय सम्झनु पर्छ।

(ड)**समिति** भन्नाले अनुदान प्रवाह कार्यलाई अनुगमन तथा सञ्चालनमा सहजीकरण गर्न दफा ६ बमोजिम गठन गरिने समन्वय तथा अनुगमन समिति सम्झनु पर्छ।

(ढ) **सम्बन्धित कार्यालय** भन्नाले देवचुली नगरपालिका अन्तर्गतका कार्यालयहरू सम्झनु पर्छ।

(ण) **सशर्त कार्यक्रम** भन्नाले संघीय कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहमा प्राप्त भएका कार्यक्रम सम्झनु पर्छ।

(त) **स्थानीय तह** भन्नाले देवचुली नगरपालिका सम्झनु पर्छ।

(थ) **वडा कार्यालय** भन्नाले देवचुली नगरपालिका मातहतमा रहेका वडाहरू सम्झनु पर्छ।

(द)**सामुदायिक पूर्वाधार** भन्नाले कृषक समूह, कृषि सहकारी, उपभोक्ता समिति, अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण गरिने सिँचाइ पूर्वाधार, उत्पादन तथा प्रशोधन पुर्वाधार, कृषि बजार पुर्वाधार,

देवचुली नगरपालिका राजपत्र

प्राङ्गगारिक तथा जैविक मल/विषादी कारखाना/प्रयोगशाला लगायत अन्य सामुदायिक प्रयोजनका कृषि सम्बन्धी पूर्वाधारहरू सम्झनु पर्छ।

(ध)**सार्वजनिक पूर्वाधार** भन्नाले सार्वजनिक निकायबाट निर्माण गरिने कृषि बजार पूर्वाधार, तटबन्ध, बाँध निर्माण, सिँचाइका पुर्वाधारहरु, प्राङ्गगारीक तथा जैविक मल/विषादी कारखाना/प्रयोगशाला लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्बन्धी पूर्वाधारहरु सम्झनु पर्छ।

(न)**सार्वजनिक निकाय** भन्नाले देवचुली नगरपालिका, गण्डकी प्रदेश सरकार अन्तर्गतका निकाय र नेपाल सरकार अन्तर्गतका निकाय भन्ने सम्झनु पर्छ।

(प)**बाँझो जग्गा** भन्नाले कुनै व्यक्तिको नाममा नापी भै सो व्यक्ति वा अन्य कसैले पनि विगत तीन वर्ष देखि कुनै किसिमको खेति नगरी प्राकृतिक अवस्थामा रहेको कृषि योग्य जमिन वा कृषि योग्य तर हाल सम्म उपभोगमा नआएको अन्य सरकारी/सार्वजनिक/निजि जमिन सम्झनु पर्छ।

(फ)**सरकारी जग्गा** भन्नाले मालपोत ऐन २०३४ को दफा २ को खण्ड (ख२) बमोजिमको नेपाल सरकारको हक स्वामित्व नियन्त्रण वा अधीनमा भएको सरकारी घर भवन वा जग्गा, सडक, बाटो, वन जंगल वा वन जंगलमा रहेका रुख बुट्यान नदि खोला नाला ताल पोखरी तथा त्यसको डिल नहर कुलो वा ऐलानी पर्ती, जग्गा, खनिज वा खनिज पदार्थ, हिमाल, भिर, पहरा, डगर, बगर, सार्वजनिक बगैंचा,

देवचुली नगरपालिका राजपत्र

सार्वजनिक, सामुदायिक गुठि वा कुनै व्यक्तिको नाममा रहेको जग्गा बाहेकको अन्य जग्गा सम्झनु पर्छ।

(ब)**सार्वजनिक जग्गा** भन्नाले मालपोत ऐन २०३४ को दफा २ को खण्ड (ख३) बमोजिमको सार्वजनिक प्रयोजनका लागि रहेका परापूर्वकाल देखि रहेको घर जग्गा ढल वा बाटो, कुवा, पधेर, पानीघाट, इनार, पोखरी तथा त्यसको डिल, गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्यष्टीस्थल, चिहान, मसानघाट ,समाधिस्थल, कब्रिस्थान रहेको जग्गा, पाटी, पौवा, देवल, धार्मिक उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैते, गुम्बा, स्तुप, मस्जिद, इदगाह, कव्रस्थान, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा, हाट, मेला, सार्वजनिक रुपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा सार्वजनिक प्रयोजनका लागी कसैले प्रदान गरेको निजि जग्गा वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक जग्गा भनी तोकिदिएको अन्य जग्गा सम्झनु पर्छ।

३. **<u>उद्देश्य</u>:** यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरूको उद्देश्यहरू देहाय बमोजिम हुनेछन।

(क) **काममा एकरूपता ल्याउनेः** देवचुली नगरपालिकामा संचालन हुने कृषि सम्बन्धी कार्यक्रमहरुमा एकरुपता ल्याउने ।

(ख) **पारदर्शिता र उत्तरदायित्व बढाउनेः** काम गर्ने स्पष्ट मापदण्ड बनाएर जिम्मेवारी र जवाफदेहिता तय गर्ने।



देवचुली नगरपालिका राजपत्र

(ग) **सेवा प्रवाहलाई सहज र छिटो बनाउनेः** सेवाग्राहीलाई बिना झन्झट सरल तरिकाले सेवा प्रदान गर्नु।

(घ) **स्रोतको सही सदुपयोग गर्नेः** समय, श्रम र बजेटको मितव्ययी प्रयोग गरी कार्यसम्पादनमा दक्षता ल्याउनु।

(ङ) **विवाद र अन्योल हटाउनेः** काम गर्दा आउने दोहोरोपन वा अस्पष्टतालाई हटाएर कानुनसम्मत ढङ्गले निर्णय लिन सहयोग गर्नु।

(च) कार्यक्रमहरूको सम्बन्धमा सरोकारवालाहरूलाई सुसूचित गर्ने।

(छ) कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन एवम् प्रगति प्रतिवेदन पद्धतिलाई प्रभावकारी बनाउने।

परिच्छेद - २

## कार्यक्रम व्यवस्थापन तथा सञ्चालन प्रक्रिया

४. **<u>अनुदान उपलब्ध गराउन सक्नेः</u>** वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ।

५. **<u>अनुदान रकमको सीमा र प्रतिशतः</u>** अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछः-

(क) कृषक समूह वा कृषि सहकारी वा उपभोक्ता समितिबाट निर्माण हुने सामुदायिक प्रयोजनका कृषि पूर्वाधारहरू (सामुदायिक कृषि पूर्वाधार) को हकमा अधिकतम पचासी प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।

देवचुली नगरपालिका राजपत्र

(ख) देवचुली नगरपालिकाबाट वितरण हुने कृषि सामाग्री, यन्त्र उपकरणको हकमा अनुदानको सीमा पचास प्रतिशत हुनेछ तर वडा कार्यालयबाट वितरण हुने कृषि सामाग्रीको हकमा अनुदानको सीमा अधिकतम असी प्रतिशत हुनेछ, तर सिमान्तकृत, अतिसिमान्तकृत, लक्षित समुदाय तथा क वर्गको अपाङ्गको हकमा भने अनुदानको सीमा शत प्रतिशतसम्म हुन सक्नेछ।

(ग)कृषक समूहलाई वितरण हुने तरकारी बीउ (किट) को हकमा भने अनुदानको सीमा शत प्रतिशतसम्म हुनेछ।

(घ) नगरपालिकाको आफ्नो स्वामित्वमा रहेका जग्गामा पालिकाकै पूर्ण लगानीमा फलफूल बगैंचा लगायत उत्पादनमूलक संरचना निर्माण गर्न सकिनेछ।

(ङ)निजी एवं व्यावसायिक प्रयोजनका कृषि पूर्वाधारहरू (निजी कृषि पूर्वाधार) को हकमा पचास प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ र निजी व्यवसायीले अनुदानको हुन आउने रकमको पचास प्रतिशत रकम देवचुली नगरपालिकाको विविध खर्च खातामा जम्मा गर्नुपर्नेछ।

(च)प्रविधि प्रसार, आकस्मिक बाली संरक्षण, नयाँ बाली परिक्षण, बाली उपचार तथा माटो परिक्षण तथा तालिम गोष्ठी जस्ता कार्यक्रमको हकमा देवचुली नगरपालिकाबाट शत प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ।

(छ)सार्वजनिक जग्गा, खाली जग्गा, वाटिका क्षेत्र, धार्मिक क्षेत्रमा फलफूलका बोट विरुवा रोपण तथा सो को संरक्षण गर्न नगरपालिकाबाट शत प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ, तर सोको रेखदेख एवं संरक्षण गर्ने जिम्मा सम्बन्धित क्षेत्रको हुनेछ।

(ज)सार्वजनिक निकायबाट निर्माण गरिने कृषि पूर्वाधार (सार्वजनिक कृषि पूर्वाधार) को हकमा नगरपालिकाले शत प्रतिशतसम्म लगानी गर्न सक्नेछ।

(झ)सामुदायिक/सार्वजनिक वनहरुमा सञ्चालित कृषि प्रवर्द्धन कार्यक्रम (फलफूल, तरकारी बाली, वृक्षरोपण, मसला बाली खेती) अन्तर्गत तार बार सहित संरक्षित जग्गा निर्माण गर्ने, खाल्डो खन्ने, ज्याला ज्यामि सम्बन्धित सामुदायिक/सार्वजनिक वनले व्यवस्थापन गर्नेछ र पालिकाले फलफूल, तरकारीको बेर्ना तथा मसला बालीको बीउमा अधिकतम शत प्रतिशत अनुदान उपलब्ध गराउन सक्नेछ।

(ञ)किसान प्रोत्साहन कार्यक्रम अन्तर्गत ठूला उपकरण खरिदमा कृषक समूहलाई ५० देखि ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

तर नगरपालिकाबाट सञ्चालन गरिने अनुदान कार्यक्रममा सहभागि हुन् कृषक समूह, कृषि सहकारी, वा फर्म/फार्महरु नगरपालिकामा अनिवार्य रुपमा दर्ता तथा नविकरण भएको हुनुपर्नेछ।

देवचुली नगरपालिका राजपत्र

६. **<u>लागत साझेदारीः</u>**(१) प्रत्येक कार्यक्रममा उल्लेख भए बमोजिमको लागत साझेदारी कृषक/कृषक समुह/कृषि फर्म वा सरोकार पक्षले देवचुली नगरपालिकाको विविध खर्च खातामा जम्मा गर्नुपर्नेछ।

(२) लागत साझेदारी सुनिश्चितताको लागि कृषक समूह, कृषक, कृषि फर्म, सहकारी बाट साझेदारी गर्ने लागत अनुमानको ३० प्रतिशत रकम नगरपालिकाको विविध खर्च खातामा जम्मा गर्नुपर्नेछ ।

(३) लागत साझेदारीका लागि खरिद गरिने सामग्री, बिउविजन लगायतका वस्तुहरुको वास्तविक मूल्य एकीन भएपश्चात साझेदारी गर्नुपर्ने रकम थपघट भएमा सोही बमोजिम लागत साझेदारी व्यवस्थापन गर्नुपर्नेछ।

७. **<u>समन्वय तथा सहजिकरण समितिः</u>(**१)कार्यक्रम कार्यान्वयन प्रक्रियामा सहजीकरण, समन्वय र सुपरिवेक्षणका लागि आर्थिक विकास समितिले कार्य गर्न सक्नेछ। कार्यक्रम संचालन गर्नु पुर्व आर्थिक विकास समितिले स्थलगत निरीक्षण गरी समितिबाट निर्णय भएपश्चात सो कार्यक्रम अगाडि बढाउन सकिनेछ।

(२) समन्वय तथा सहजिकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क)तोकिएको कार्यक्रम सञ्चालनका लागि बैठक आयोजना, उपयुक्त कार्यक्षेत्र र क्रियाकलाप पहिचान, बजेट विस्तृतीकरण, सूचना प्रकाशन, आवेदन संकलन र लाभग्राहीको सूची तयारी सम्बन्धी पूर्व तयारीका कार्य गर्ने,



देवचुली नगरपालिका राजपत्र

(ख)प्रस्ताव आह्वान पूर्व नै मूल्याङ्कन तथा छनौटका आधारहरु निर्धारण गर्ने,

(ग)रितपूर्वक प्राप्त प्रस्तावको मूल्याङ्कन गरी लाभग्राही छनौट एवम् सिफारिस, लाभग्राहीलाई उपलब्ध गराईने अनुदान रकम एकीन गरी सम्झौता सम्बन्धी पूर्व तयारीका कार्य गर्ने,

(घ)सशर्त लगायत नगरपालिकाबाट स्वीकृत सम्पूर्ण कार्यक्रमको प्रभावकारी कार्यान्वयको लागि सम्बन्धित संघीय निकाय, अन्तर्गतका निकाय, नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयसँग आवश्यक समन्वय गर्ने,

(ङ)कार्यक्रमको अनुगमन एवम् समीक्षा गर्ने,

(च)कार्यक्रम सञ्चालन सम्बन्धमा आइपरेका समस्याहरूको समाधानका लागि समन्वय तथा सहजिकरण गर्ने,

(छ) कार्यक्रम संचालन पूर्व, संचालनको अवस्थामा र संचालन पश्चात अनुगमन गरि अनुगमन प्रतिवेदन पेश गर्ने,

(ज)प्राप्त आवेदनको मूल्याङ्कन, स्थलगत निरीक्षण, प्रमाणीकरण, सिफारिस, अनुगमन तथा भुक्तानी सिफारिस लगायतको कार्य देवचुली नगरपालिकाको कृषि विकास शाखाले गर्नेछ।

(झ) यस कार्यविधि अनुसार समितिले गर्नु पर्ने अन्य कार्यहरू गर्ने तथा गराउने।

देवचुली नगरपालिका राजपत्र

८. **माग/प्रस्तान सङ्कलन:** (१) नगरपालिकाले यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन लक्षित वर्गबाट माग/प्रस्ताव सङ्कलन गर्न अनुसूची -१ बमोजिम कम्तिमा सात दिने सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिमको मागको सूचना सम्बन्धित कार्यालय र वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने, वेबसाइट र कृषि एपमा (देवचुली एप) राखे, कार्यालयको सामाजिक सञ्जाल र आवश्यकता अनुसार एफ एम रेडियो वा स्थानीय पत्रपत्रिकामा समेत सार्वजनिक गर्न सकिनेछ।

(३) कार्यविधिको परिच्छेद-३ अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड/आधारभूत/ प्रासाङ्गिक पक्ष पूरा गर्ने गरी ईच्छुक निवेदकले अनुसूची - २ बमोजिम सम्बन्धित निकायमा आवेदन दिनु पर्नेछ ।

९. **लाभग्राही छनौटः** (१) यस कार्यविधि बमोजिमका कार्यक्रमहरू अन्तर्गत अनुदान प्रदान गरिने क्रियाकलापहरूको लागि प्रस्ताव **मूल्याङ्कन तथा छनौट स्थानीय तहको आर्थिक विकास समितिले गर्नेछ** । तर, प्रस्ताव आह्वान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने कृषि प्रसारका नियमित कृयाकलापहरूसँग कृषि विकास शाखाले यस कार्यविधिको अधिनमा सञ्चालन गर्न सक्नेछ ।

२) प्राप्त निवेदनको मुल्याङ्कन र स्थलगत अनुगमन गरी अनुदानग्राही छनौट गर्ने,

१०. **अनुदान प्रवाह तथा भुक्तानी:** (१) यस कार्यविधिमा उल्लेख भएका कार्यक्रम अन्तर्गत क्रियाकलापहरू सञ्चालन गर्दा अनुदानग्राहीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धी व्यवस्था दफा ५ अनुसार समितिले निर्णय गरे बमोजिम हुनेछ।



देवचुली नगरपालिका राजपत्र

(२) छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु, सो को समयसीमा एवम् अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवम् भूक्तानीको विधि उल्लेख गरी देवचुली नगरपालिकाले अनुसूची -३ अनुसार अनुदानग्राहीसँग सम्झौता गर्नेछ ।

(३) दफा १० को उपदफा (२) अनुसार भएको सम्झौता बमोजिम कार्य सम्पादनको आधारमा सम्बन्धित कार्यालयले अनुदानग्राही वा आपूर्तिकर्तालाई अनुदान रकम भूक्तानी गर्नेछ ।

(४) साझेदारि वापतको रकम दोश्रो पक्षले नगरपालिकालको विविध खर्च खातामा जम्मा गर्नुपर्नेछ।

(५) नगरपालिकाले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद गरि अनुदानमा उपलब्ध गराउन सक्नेछ।यस क्रममा वस्तु, सामाग्री वा उपकरणको गुणस्तर र मापदण्ड स्वीकृत भएको हुनु पर्नेछ।

(६) नगद अनुदान दिइने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदानग्राहीको बैङ्क खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ ।

(७) अनुदान रकमको भुक्तानी र भुक्तानि विधि सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ । कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित निकायको जिम्मेवार प्राविधिकले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।

देवचुली नगरपालिका राजपत्र

११. **कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन :**(१) कार्यक्रम सञ्चालनको लागि छनौट भएको क्षेत्र / क्लष्टर, छनौट भएको विषय, अनुदानग्राहीसँग भएको सम्झौताको विवरण सम्बन्धित कार्यालयले नियमित अद्यावधिक गरी प्रकाशन गर्नेछ ।

(२) प्रगती विवरण तयारी तथा संप्रेषण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क)सम्बन्धित कार्यालयले त्रैमासिक एवम् वार्षिक प्रगति विवरण देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद - ३

## कृषि विकास कार्यक्रम, संचालन तथा व्यवस्थापन सम्बन्धी क्रियाकलाप, न्यूनतम मापदण्ड तथा प्राविधिक विषय

१२. **कृषि यान्त्रीकरण तथा कृषि सामाग्री वितरण कार्यक्रमः**(१) मानव श्रमलाई कम गरी कृषिजन्य यन्त्र उपकरणको प्रयोगमा जोड दिई कृषिलाई आधुनिकीकरण, व्यावसायीकरण, यान्त्रिकीकरण गराई उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले ५०% अनुदानमा मागमा आधारित कृषि यान्त्रिकरण कार्यक्रम कार्यान्वयन हुनेछ।

(२) यस कार्यक्रमका लक्षित वर्ग निम्म बमोजिम हुने छन्-

(क) कृषक, कृषक समूह, कृषि फर्म/फार्म, सहकारी, संघ-संस्था, कृषि उद्यमी, कृषि सम्बन्धी अन्य समितिहरू रहनेछन्।

देवचुली नगरपालिका राजपत्र

(३) यस कार्यक्रम अन्तर्गत संचालन हुने क्रियाकलापहरु निम्न बमोजिम हुने छन्-

(क)खनजोतमा प्रयोग हुने यन्त्र उपकरणहरुः (विभिन्न पावरका मिनीटिलर, गोडमेलमा प्रयोग हुने सामग्री, खाडल खन्ने मेसिन लगायत अन्य)

(ख)बगैंचा व्यवस्थापनमा प्रयोग हुने उपकरणहरुः (सिकेचर, आरी, ब्रस कटर, न्यापस्याक स्प्रेयर, स्प्रेयर लगायत अन्य)

(ग)उत्पादन तथा पोष्ट हार्भेष्टमा प्रयोग हुने उपकरणहरुः (बाली कटानी मेसिन, थ्रेसर, धान काट्ने मेसिन, ग्रेडिङ प्याकेजिङ, लेबलिङ मेसिन, क्यारेट, डिजिटल तराजु, त्रिपाल, स्प्रे ट्याङ्कि, धान रोप्ने मेसिन, भण्डारणमा प्रयोग हुने सामान, स्प्रेयर (ह्यान्ड/ब्याट्री), मल्चिङ प्लास्टिक, र टनेल प्लाष्टिक)

(घ)अभिलेखीकरणः मेसिनरीमा देवचुली नगरपालिका बाट ५० प्रतिशत अनुदानमा वितरण गरिएको भनि बुझ्ने गरि उल्लेख गर्नुपर्नेछ।

(ङ)यन्त्र उपकरण वितरणमा हाल सम्म अनुदान प्राप्त नगरेकालाइ विशेष प्राथमिकता दिइनेछ ।

(च)धान काट्ने मेसिन, धान रोप्ने मेसिन लगायता हेभ्मि इक्युमेन्टका मेसिनरीहरु कृषक समूह/सहकारी लाइ मात्र उपलब्ध गराइनेछ।

(छ)हाते ट्याक्टर, मकै रोप्ने, मकै छोडाउने लगायतका मेसिहरुका लागी कम्तिमा ५ कठ्ठा क्षेत्रफलमा खेति गरेको हुनुपर्नेछ।

देवचुली नगरपालिका राजपत्र

(ज)हाते टयाक्टर विशेषत देवचुली नगरपालिकाको पहाडि भुभागलाइ प्राथमिकता दिएर वितरण गरिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

१३. **२०%नगद साझेदारीमा साना सिचाई निर्माण मर्मत तथा विस्तार कार्यक्रमः** (१)यस कार्यक्रमको मुख्य उद्देश्य वर्षैभरि भरपर्दो सिँचाइ सुविधा पुऱ्याई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु रहनेछ। यस कार्यक्रमले जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्दै कृषकको आयस्तर उकास्ने लक्ष्य राख्नेछ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, र अन्य कृषि सँग सम्बन्धीत समितिहरु रहनेछनः

(३) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुने छनः

(क)सार्वजनिक सामुदायिक कुलो, बोरिङ्ग निर्माण, मर्मत विस्तार कार्य।

(ख)सिचाई पाइप, मोटर खरिद गरी उपलब्ध गराउन सकिनेछ।

(ग)कृषि फर्म/फार्मलाई बोरिङ्ग निर्माण तथा मर्मत गर्न सकिनेछ।

(४) यो कार्यक्रम नगरपालिकाका समथर फाँटहरूमा भूमिगत जल उपयोग तथा चुरे र पहाडी भेगमा सतह सिँचाइ र वर्षाको पानी सङ्कलन प्रविधिमा आधारित हुनेछ।

देवचुली नगरपालिका राजपत्र

(५) नगरपालिका तथा वडाबाट बजेट विनियोजन नभएका कृषक समूहलाई विशेष प्रथमिकता दिएर रकम व्यवस्थापन गरिनेछ तर एक कृषक समूहलाई एक आर्थिक वर्षमा यस कार्यक्रमबाट दुई लाख पचास हजार भन्दा बढि रकम विनियोजन गर्न पाइने छैन् ।

(६) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

(७) साना सिंचाई कार्यक्रम संचालन गर्नका लागी कृषक समुहको हकमा कम्तिमा ३ विघा खेति योग्ग क्षेत्रफल कायम गरेको हुनुपर्नेछ।

१४. **उन्नत बीउ उपयोगमा अनुदान धान, गहुँः** (१)मुख्य खाद्यान्न बाली धान, गहुँको उत्पादन एवम् उत्पादकत्व वृद्धि गरी पालिकालाई खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्नु र आत्मनिर्भरता बढाउनु एवम् बढ्दो आयात न्यूनिकरण गर्नु यस कार्यक्रमको उद्देश्य रहनेछ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, र अन्य कृषि सँग सम्बन्धित समितिहरु रहनेछन्।

(३) बीउ स्रोत व्यवस्थापनः राष्ट्रिय बीउ बिजन कम्पनी वा सूचीकृत बीउ उत्पादक कम्पनी, फर्म/फार्म, सहकारीबाट प्रमाणीकरण गरिएको उन्नत बीउ DESES माध्यमबाट खरिद गरिनेछ।नेपाल सरकारबाट DESES माध्यम सुचार नभएको खण्डमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद गरिनेछ।

(४) लक्षित वर्गलाई उन्नत धान, गहुँको बीउ दफा ५ बमोजिम अनुदानमा उपलब्ध गराउन सकिनेछ।

(५) बीउ उपचार तथा वितरणः बीउ वितरणसँगै अनिवार्य बीउ उपचार ढुसीनाशक/जैविक विषादी प्रयोग विधि सिकाइनेछ।

(६) धान, गहुँ खरिदमा लाग्ने ढुवानी खर्च यसै कार्यक्रमबाट खर्च गर्न सकिनेछ।

१५. **हाइब्रिड मकैको बीउमा ५० प्रतिशत अनुदान कार्यक्रमः**(१) नेपालको तथा नेपालमा आयात हुने सुचिकृत भएका हाइब्रिड मकैको बीउ विक्रि वितरण गरि उत्पादन तथा उत्पादकत्व वृद्दि गर्ने यस कार्यक्रमको लक्ष्य रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, र अन्य कृषि सँग सम्बन्धीत समितिहरु रहनेछन्।

(३) उपयुक्त हाइब्रिड जात छनोटः देवचुलीको हावापानीमा सुहाँउदो उच्च उत्पादन दिने हाइब्रिड जातहरूको सूचीकरण तथा अनुदानमा विक्रि वितरण गरिनेछ।

(४) वितरण तथा लाइन रोपण प्रदर्शनः ५०% अनुदानमा दफा ५ बमोजिम बीउ वितरण गरी सिफारिस दूरी कायम गर्न सिकाइनेछ र कार्यालयले सन्तुलित मलखाद प्रयोगबारे अभिमुखीकरण कार्यक्रम संचालन गर्नेछ।

(५) देवचुली नगरपालिका भित्रका किसानहरुलाई सक्कल किसान कार्डको आधारमा क्षेत्रफल अनुसार सिफारिस बीउ दर वितरण

देवचुली नगरपालिका राजपत्र

गरिनेछ। वितरण गर्ने क्रममा सुचना बमोजिम माग गरेका किसान वा कृषक समूहलाई प्रमुख प्राथमिकता दिइनेछ।

(६) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

१६. **तेलहन/दलहन बाली प्रवर्द्धन कार्यक्रमः**(१) तेलहन/दलहन बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्य यस कार्यक्रमले लिएको छ।

(२) तेलहन/दलहन बाली प्रवर्द्धन कार्यक्रमः तोरी, सस्र्युँ, मसुरो, सुर्यमुखि, खेतीका लागि ५० प्रतिशत अनुदानमा बीउ र सुक्ष्म पोषक तत्व वितरण गरिनेछ।

(३) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म,

कृषि उद्यमी, र अन्य कृषि सँग सम्बन्धित समितिहरु रहनेछनः

(४) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुने छनः

(क) कृषकको माग अनुसार तेलहन/दलहन बालीको बीउ अनुदानमा वितरण गर्न सकिनेछ।

(ख) कृषकलाई माग अनुसार स्प्रे-ट्याङ्की उपलब्ध गराउन सकिनेछ।

(ग) सुक्ष्म खाद्यतत्वः सल्फर, जिङक, बोरोन र विषादी उपलब्ध गराउन सकिनेछ।

(घ) सूचीकृत कृषक समूह वा सहकारीलाई स्रोत बीउ उपलब्ध गराई बीउ प्रमाणीकरण र भण्डारणमा सहयोग गरिनेछ।

(५) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम संचालन हुनेछ।

देवचुली नगरपालिका राजपत्र

(६) देवचुली नगरपालिका भित्रका किसानहरुलाई सक्कल किसान कार्डको आधारमा क्षेत्रफल अनुसार सिफारिस बीउ दर वितरण गरिनेछ। वितरण गर्ने क्रममा सुचना बमोजिम माग गरेका किसान वा कृषक समूहलाई प्रमुख प्राथमिकता दिइनेछ।

(७) मुख्य प्राथमिकता देवचुली नगरपालिका भित्र ७ कठ्ठा भन्दा बढिमा खेति गर्नेलाई प्राथमिकता दिइनेछ।

१७. **च्याउ खेती प्रवर्द्धन कार्यक्रमः** (१) व्यावसायिक च्याउ खेती मार्फत च्याउको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी पोषण सुरक्षामा योगदान आयआर्जनमा वृद्धि रोजगार सिर्जना गर्ने उद्देश्य यस कार्यक्रमले लिएको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, र अन्य कृषि सँग सम्बन्धीत समितिहरु रहनेछनः

(३) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुने छनः

(क)च्याउको बिउ, प्लास्टिक, डोरी, पराल अनुदानमा वितरण गर्न सकिनेछ।

(ख)पराल काट्ने, बफाउने, डल्ला बनाउने मेसिन वितरण गर्न सकिनेछ।

(ग)च्याउ घर निर्माणमा अनुदान ।

(घ)पराल सफा गर्ने साथै च्याउ उत्पादनमा प्रयोग अन्य सामग्रीहरु वितरण गर्न सकिनेछ।

देवचुली नगरपालिका राजपत्र

(ङ)व्यावसायिक च्याउ उत्पादन प्रविधि सम्बन्धी तालिम संचालन गर्न सकिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

१८. **आलु खेती प्रवर्द्धन कार्यक्रमः**(१) व्यावसायिक आलु खेती मार्फत आलु बालीको उत्पादन तथा उत्पाकत्व वृद्धि गरी आलुमा आत्मनिर्भर बनाउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहनेछ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, र अन्य कृषि सँग सम्बन्धीत समितिहरु रहनेछनः

(३) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुने छनः

(क)आलुको बिउ, प्राङ्गारिक मल, सुक्ष्म खाद्यतत्व, विषादी, कृषि औजार उपकरणमा अनुदान

(ख)सिंचाईमा अनुदान कार्यक्रम संचालन गर्न सकिनेछ।

(ग)क्षमता अभिवृद्धि सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।

(घ)उन्नत तथा सम्बन्धित निकायबाट प्रमाणीकरण गरिएको आलुको बीउ मात्र प्रयोग गर्नुपर्नेछ।

(४) यस कार्यक्रम संचालन गर्नका लागी कृषि फर्मले कम्तिमा ५ कठ्ठा र कृषक समुहले कम्तिमा १५ कठ्ठा खेतियोग्य जग्गामा आलुखेति गर्नु पर्नेछ।

देवचुली नगरपालिका राजपत्र

(५) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

१९. **नगर सवारी घरघरमा करेसाबारीः**(१)परिवारले आफ्नै करेसाबारीमा उत्पादन विषादी रहित तरकारी उत्पादन गरि परिवारको पोषण सुरक्षा हुने यस कार्यक्रमको उद्देश्य रहनेछ।

(२) यस कार्यक्रमको लक्षित समूहमा नगरपालिकामा दर्ता तथा नवीकरण भएका कृषक समूह रहनेछन।

(३) लक्षित समूहलाई माग अनुसार हिउँदे तथा लहरे तरकारीको बीउ र स्थलगत तालिम दफा ५ बमोजिम उपलब्ध गराउन सकिनेछ।

(४) कृषक समूहले प्राप्त बीउको नर्सरी स्थापना गरी सामुहिक बेर्ना उत्पादन गर्नुपर्नेछ।

२०. **फलफूल खेती प्रवर्द्धन कार्यक्रमः**(१)फलफूलको क्षेत्र विस्तार, बाँझो जग्गाको सदुपयोग र आन्तरिक फलफुल उत्पादन वृद्धि गर्न पालिकाको सम्भाव्यता तथा मागको आधारमा कागती/मेवा/ड्रागनफ्रुट/एभोकाडो/अनार/अंगुर/आँप/लिचि/अम्बा/रुखकटहर/भुईकटहर/केरा लगायत अन्य फलफूलको स्थानीय स्तरमा व्यवसायिक खेती प्रर्वद्धनका लागि यो कार्यक्रम संचालन गरिनेछ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, र अन्य कृषि सँग सम्बन्धीत समितिहरु रहनेछन।

(३) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुने छनः

(क) बगैचाको रेखाङ्कन गर्ने, बिरुवा रोप्न खाडल खन्ने, ज्यामी ज्याला।

(ख) फलफुल बिरुवा खरिद तथा वितरण।

(ग) सिँचाई पूर्वाधार निर्माण र व्यवस्थापन।



देवचुली नगरपालिका राजपत्र

(घ) यन्त्रउपकरणहरु (आरी, सिकेचर, ग्राफटिङ्ग मेशिन, स्प्रेयर, कुटो कोदालो, हातेटयाक्टर, खाडल खन्ने मेशिन लगायत अन्य)

(ङ) प्राङ्गारिक मल, रोगकिरा नियन्त्रक विषादी तथा शुक्ष्म खाद्यतत्व व्यवस्थापन ।

(च) फलफूल सम्बन्धि तालिम तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ।

(४) घर-घरमा फलफूल विरुवा लगाउने कृषकका लागी फलफूलको विरुवामा मात्र अनुदानमा उपलब्ध हुनेछ भने व्यावासायीक रुपमा जम्मा ३ कठ्ठा भन्दा बढि क्षेत्रफलमा वा २० भन्दा बढि फलफूलका विरुवा लगाउने कृषक, कृषक समूह/कृषि फर्म/फार्म को हकमा यसै कार्यविधिको दफा १९ को उपदफा ३ को खण्डहरुमा उल्लेख अन्य प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्न सकिनेछ।

(५) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

२१. **जैविक विषादी,जैविक मल प्रयोग परिक्षण निर्माण र तालिमः** (१) जैविक विषादी र जैविक मलको प्रयोग गरी प्राङ्गारिक खेतीलाई प्रवर्द्धन गर्ने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमाः कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, र अन्य कृषि सँग सम्बन्धीत समितिहरु रहनेछन।

(३) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुने छनः

(क) जैविक तथा प्राङ्गारिक मल, विषादी वितरण गर्न सकिनेछ।

(ख) जैविक तथा प्राङ्गारिक मल, जैविक विषादी, वानस्पतिक विषादी र सुक्ष्म जैविक मल उत्पादन प्रयोग र व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्न सकिनेछ।

(ग) गड्यौला मल, कम्पोष्ट मल, अन्य जैविक तथा प्राङ्गारिक मल उत्पादन गर्नका लागी आवश्यक पर्ने टहरा निर्माण, पिट निर्माण, लगायत माग बमोजिमका विषयहरुमा अनुगमन मुल्याङ्कनका आधारमा अनुदान उपलब्ध गराउन सकिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

२२. **रैथाने तथा परम्परागत विशिष्ट बाली उत्पादन तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रमः** (१) स्थानीय खाद्य तथा पोषण सुरक्षाको स्थितिमा सुधार गर्ने उद्देश्यका साथ रैथाने र विद्यमान् लोकप्रियताको आधारमा धान, मकै, कोदो, जौं, उवा, फापर, दलहन, कन्दमुल, फलफूल, तरकारी बाली आदिका स्थानिय जातहरुलाई यो कार्यक्रममा समावेश गर्न सकिनेछ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, सामुदायिक बिउ बैंक, होमस्टे सञ्चालक, रैथाने बालीको परिकार विविधिकरण तथा कच्चा पदार्थको उत्पादन र बजारीकरणमा संलग्न व्यक्ति फर्म/फार्म तथा सामुदायिक संस्थाहरु र अन्य कृषि सँग सम्बन्धीत समितिहरु रहनेछनः

(३) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुने छनः

(क)बिउ किट वितरणः रैथाने बालीको उन्नत एवम् सुचिकृत जात र स्थानीय स्तरमा लोकप्रिय जातको बिउ वितरण गर्न सकिनेछ।



देवचुली नगरपालिका राजपत्र

(ख) रैथाने बालीको क्षेत्र बिस्तार र उत्पादनमा प्रोत्साहन अनुदानः रैथाने बाली लगाएको क्षेत्रफलको आधारमा प्रति कट्ठा बढीमा रु ५०० र रैथाने बाली उत्पादनको आधारमा प्रति किलो बढीमा रु १०प्रोत्साहन बापत उपलब्ध गराउन सकिनेछ ।

(ग)रैथाने बाली उत्पादन सम्बन्धी तालिम, जानकारीमूलक सन्देश, चित्र, होर्डिङ बोर्ड, एफ. एम. रेडियो अन्य माध्यमबाट प्रसारण तथा प्रकाशन सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(घ)रैथाने बाली उत्पादन, प्रशोधन, प्याकेजिङ, लेबलिङ्ग, बजारीकरणमा प्रयोग हुने विभिन्न कृषिजन्य औजार उपकरणहरु वितरण गर्न सकिनेछ।

(ङ) कोसेली घर सञ्चालनमा सहयोग गर्न सकिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

२३. **मसलाबाली प्रवर्द्धन कार्यक्रमः** (१) मसलाबालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्य यस कार्यक्रमले लिएको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमाः कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, र अन्य कृषि सँग सम्बन्धीत समितिहरु रहनेछन।

(३) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुने छनः

(क) मसलाबाली (अदुवा, बेसार) को बीउ अनुदानमा वितरण ।

(ख) प्रशोधन, प्याकेजिङ लगायतका अन्य सामग्रीहरु अनुदानमा वितरण।

(ग) कार्यक्रम संञ्चालनका लागी व्यक्तिगत कृषकको हकमा कम्तीमा ३ कठ्ठा, कृषि फर्म/कृषि कम्पनी/कृषि सहकारीको हकमा कम्तिमा ६ कठ्ठा, र कृषक समूहको हकमा कम्तिमा १२ कठ्ठा क्षेत्रफल कायम गरि खेति गर्नुपर्नेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

२४. **सयपत्री खेती प्रवर्द्धन कार्यक्रमः**(१)फूलमा आत्मनिर्भर भई रोजगारी सिर्जना, आयआर्जनको स्रोत स्थापना साथै प्लास्टिकका फूलमालालाई विस्थापित गर्ने उद्देश्य यस कार्यक्रमले लिएको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, र अन्य कृषि सँग सम्बन्धीत समितिहरु रहनेछन।

(३) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुनेछन्ः

(क) सयपत्रीको बीउ/बेर्ना अनुदानमा वितरण गर्न सकिनेछ।

(ख) मल्चिङ्ग प्लास्टिक, कटिङ टुल, स्प्रेयर, सिचाई पाइप, क्रेट लगायत कृषि सामाग्री र यन्त्र उपकरण अनुदानमा वितरण गर्न सकिनेछ।

(ग) व्यावसायिक फूल खेती सम्बन्धी तालिम सञ्चालन गर्न सकिनेछ।

देवचुली नगरपालिका राजपत्र

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

२५. **कृषकसँग प्राविधिक कार्यक्रमः** (१) कृषकका समस्यालाई कृषकको खेतबारीमा नै पहिचान गरी कृषि उत्पादन र उत्पादकत्वमा हुने क्षती न्यूनिकरण गर्ने उद्देश्य यस कार्यक्रमले लिएको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, र अन्य कृषि सँग सम्बन्धित समितिहरु रहनेछन्।

(३) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुने छनः

(क)रोग किरा नियन्त्रणको लागि आवश्यक परामर्श, जैविक विषादी, रसायानिक विषादी, ट्याप लगायतका कृषि सामाग्री तथा कृषि यन्त्र उपकरण उपलब्ध गराउन सकिनेछ।

(ख)फिल्डमा खटिने प्राविधिकहरुलाई आवश्यक सामग्रीहरु, बीमा, सवारी साधन मर्मत, यातायात, खाजा, सञ्चार खर्च नियमानुसार उपलब्ध गराउन सकिनेछ।

(ग)समस्याको प्रकृती हेरी बोलाइएका बाह्य विषय विज्ञहरुलाई नियमानुसार पारिश्रमिक उपलब्ध गराउन सकिनेछ।

(घ)कृषककै खेतबारीमा नियमित रूपमा भेला भई रोग, कीरा र बाली व्यवस्थापनबारे प्रयोगात्मक रूपमा सिकाइनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

देवचुली नगरपालिका राजपत्र

२६. **प्राङ्गारिक (जैविक मल, हरियो मल, गड्यौला मल) तथा प्राकृतिक खेति प्रवर्द्धन कार्यक्रमः**(१) माटोको उर्वरा शक्ति वृद्धि गर्ने र देशमा रहेको रासायनिक मलको अभावलाई न्यूनिकरण गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, र अन्य कृषि सँग सम्बन्धीत समितिहरु रहनेछनः

(३)यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुने छन्:(क) हरियो मलको रुपमा प्रयोग हुने ढैंचाको बीउ उपलब्ध गराउन सकिनेछ।

(ख) प्राङ्गारिक मल (जैविक मल, गोठे मल, गड्यौला मल, कम्पोष्ट मल) अनुदानमा वितरण गर्ने।

(ग) माटो सुधारका लागि एजोला, ट्राइकोग्रामा, ट्राइकोडर्मा वितरण गर्ने।

(घ) गड्यौला मल, जैविक मल, कम्पोष्ट मल, अन्य जैविक तथा प्राङ्गारिक मल उत्पादन गर्नका लागी आवश्यक पर्ने टहरा निर्माण, पिट निर्माण, लगायत माग बमोजिमका विषयहरुमा अनुगमन मुल्याङ्कनका आधारमा अनुदान उपलब्ध गराउन सकिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

२७. **क्षेत्रफलका आधारमा तरकारी उत्पादन प्रोत्साहन कार्यक्रमः**(१) विशेषगरी पालिका भित्र तरकारीको उत्पादन तथा उत्पादनकत्व बुद्धि गरि तरकारीमा

देवचुली नगरपालिका राजपत्र

नगरपालिका आमत्मनिर्भर भई निर्यात गरि आर्यआर्जनमा बृद्धिका लागि यो कार्यक्रम संचालन गरिनेछ ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, कृषिसँग सम्बन्धित समितिहरू हुने छन् ।

(३)दलित, महिला, जनजाति, मुश्लिम, पिछडिएको क्षेत्र, पिछडिएको वर्ग आदिलाई प्राथमिकता दिई कार्यक्रम संचालन गर्नुपर्नेछ।

(४)तरकारी बालीको खेती गर्नु अगाडी नै सम्बन्धित कार्यालयमा आवेदकले आफूले लगाउने तरकारी बाली, जात, खेती गरिने स्थान र क्षेत्रफल, लगाउने समय, तरकारी बिक्री वितरण गर्ने समय आदी खुलाई अनुसूची ६ बमोजिम प्रस्ताव पेश गर्नुपर्नेछ।

(५) प्रस्तावित क्षेत्रको जग्गाधनष्ट पुर्जाको र जग्गा करार/लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा ०५ वर्षको करार सम्झौताको प्रतिलिपि पेश गर्नुपर्नेछ।

(६) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुने छनः-

(क) यस कार्यक्रममा सहभागीता हुने लक्षित वर्गले कम्तिमा व्यवसायिक रुपमा २ कठ्ठा जमिनमा खेती वा न्यूनतम २०० वर्गमिटर क्षेत्रफलमा प्लाष्टिक घरभित्र वार्षिक कम्तीमा दुई सिजन तरकारी खेती गर्नुपर्नेछ। देवचुलीको चुरे तथा पहाडी भेगको हकमा १ कठ्ठा क्षेत्रफल वा न्यूनतम १०० वर्ग मिटर क्षेत्रफलको प्लाष्टिक घरभित्र वार्षिक कम्तीमा एक सिजन खेती गर्नुपर्नेछ।

(ख)खुला जमिनमा तरकारी खेती गर्ने कृषकले प्रति कठ्ठा कम्तिमा रु १५०० र अधिकतम रु ३००० र प्लाष्टिक घरभित्र खेती गर्ने कृषकले प्रति १०० वर्ग मिटर रु १५०० कम्तिमा र बढिमा रु ३००० का दरले प्रोत्साहन स्वरुप नगद अनुदान उपलब्ध गराईनेछ ।

(ग)स्थलगत अनुगमन प्रतिवेदनको आधारमा तरकारी बाली लगाई एक सिजनको तरकारी विक्री वितरण सम्पन्न गरी सोही जग्गामा दोस्रो सिजनमा तरकारी खेती लगाए पश्चात मात्र अनुदान रकम उपलब्ध गराईनेछ ।६ महिना भन्दा लामो बाली अवधि भएका बालीहरुको हकमा उत्पादन बिक्री भए पश्चात मात्र अनुदान रकम उपलब्ध गराईनेछ ।

(घ) तरकारी खेती सुरु गरी आवश्यक व्यवस्थापकीय कार्यहरु नगरी तरकारीको उत्पादन नहुने वा न्यून हुने अवस्था रहेमा अनुदान रकम उपलब्ध गराईने छैन।

(७) यस कार्यक्रमको प्रस्ताव मुल्याङ्कनका आधारहरु अनुसूचि ५ बमोजिम हुनेछ।

(८)यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

२८. **सत प्रतिशत अनुदानमा अपाङ्ग सिमान्तकृत तथा लक्षित समुदायको आयआर्जन लक्षित कृषि कार्यक्रमः** (१) अपाङ्ग सिमान्तकृत दलित लोपोन्मुख समुदायलाई कृषि कार्यक्रममा जोडी उनीहरुको आयआर्जन वृद्धि गर्ने उद्देश्य यस कार्यक्रमले लिईएको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा अपाङ्ग, सिमान्तकृतवर्ग लगायत कृषिसँग सम्बन्धित समितिहरू हुने छन् ।

(३) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुनेछन्ः

(क) कृषि बिउविजन निःशुल्क वितरण गर्न सकिनेछ।

(ख) करेसाबारीमा प्रयोग हुने कृषिजन्य यन्त्र उपकरणहरु निःशुल्क उपलब्ध गराउन सकिनेछ।

(ग) पोषण सुधारको लागि नमूना करेसाबारी निर्माण गर्न सकिने।

(घ) आवश्यकता अनुसार कृषि उत्पादन प्रविधि सम्बन्धी तालिम दिने।

(ङ)रोजगार श्रृजना गर्ने किसिमका क्रियाकलाप संचालन गर्नका लागी कृषि यन्त्र उपकरण वितरण गर्न सकिने।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

२९. **नयाँ बाली परीक्षण तथा प्रदर्शनी कार्यक्रमः**(१) विभिन्न अनुसन्धानबाट प्राप्त भएका नयाँ बाली तथा देवचुलीमा हालसम्म व्यवसायीक खेति नभएका कृषि बाली, कृषि सामाग्री, वस्तुलाई नयाँ बालीको रुपमा कृषकको खेतबारी, सार्वजनिक जग्गा र सरकारी जग्गामा परिक्षण तथा प्रदर्शन गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, कृषिसँग सम्बन्धित समितिहरू हुने छन् ।

(३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरु निम्न बमोजिम हुनेछन्ः

(क)उपयुक्त स्थल र उपयुक्त बाली छनौट गरि कार्यक्रम संचालन गरिनेछ।

(ख)उत्पादन कार्यमा लाग्ने सम्पूर्ण खर्च जस्तै जोताई, ज्यामी, ज्याला, कृषि सामाग्री यसै कार्यक्रम अन्तर्गत संचालन गरिनेछ।

(ग)उत्पादन परिक्षणका लागी क्रप कटिङ्ग संचालन गरिनेछ।

(घ)पोष्ट हार्भेट कार्यका लागी आवश्यक पर्ने क्रियाकलापहरुलाई यसै कार्यक्रम अन्तर्गत संचालन गरिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

३०. **आकस्मिक बाली संरक्षण कार्यक्रमः** (१) आकस्मिक बाली संरक्षण भन्नाले आकस्मिक महामारीका रुपमा फैलने रोग, किरा वा बालीको शारिरिक विकृति लगायतका कारणले बालीनालीमा हुने तिव्र क्षतिलाई रोक्न र नियन्त्रण गर्न तत्काल अपनाइने दृत प्राविधिक तथा व्यवस्थापकीय प्रयासलाई बुझाउँदछ। यस कार्यक्रमकको मुख्य उद्देश्य कृषि बालीको क्षतिलाई न्युनतम स्तरमा राखी संभावित खाद्य संकट वा कृषकको ठूलो आर्थिक नोक्सानी हुनुबाट बचाउनु हो ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, कृषिसँग सम्बन्धित समितिहरू हुने छन् ।

(३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरु निम्न बमोजिम हुनेछन्ः

(क)आवश्यक पर्ने जैविक तथा रसायनीक विषादी, पासो, सुक्ष्मखाद्यतत्त्व, हार्मोन, भिटामिन वितरण जस्ता अन्य अतिआवश्यक क्रियाकलाप संचालन गर्न सकिनेछ।

(ख)रोग किरा बारे कृषक स्तरमा जनचेतना सम्बन्धी श्रव्यदृश्य सामाग्री प्रसारण तथा प्रकाशन गर्न सकिनेछ।

(ग)विज्ञ सहितको गोष्ठि, सभा, सम्मेलन तथा सेमिनार संचालन गर्न सकिनेछ।

(घ)कृषकको खेतिबारी तथा विभिन्न बाली वस्तु कृषि विज्ञ सहित कृषि प्राविधिक टोलिले सिघ्र अनुगमन निरिक्षण तथा अभिमुखिकरण गरि परामर्श सेवा पदान गरिनेछ।

(ङ)माहामारी नियन्त्रणका लागी पालिकामा बफर स्टक (जैविक तथा रसायनिक विषादी, स्प्रेयर लगायत) राखि दृत परिचालन गरिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

३१. **माटो परीक्षण प्रयोगशाला व्यवस्थापन तथा बाली उपचार शिविरः**(१) किसानका बाली नालिमा लागेका रोग किरा पोशक तत्त्वको कमी वा अन्य समस्याहरुको स्थलगत पहिचान गरी तत्काल रोकथाम तथा उपचारका उपायहरु सल्लाह दिने आपतकालीन वा आवधिक शिविर संचालन गर्नु र कार्यालयमा माटोको प्राङ्गारिक पदार्थ, पि. एच्. मान, अम्लियपन, क्षारियपना र मुख्य पोखक तत्त्वहरु (NPK) को रसायनिक विश्लेषण गरी माटोको उर्वरा शक्ति पहिचान गर्न र

सोहि अनुसार सिफारिस तयार गर्ने प्रक्रिया तथा पुर्वाधारको व्यवस्थापन तथा संचालन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, कृषिसँग सम्बन्धित समितिहरू हुने छन् ।

(३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरु निम्न बमोजिम हुनेछन्ः

(क)माटोको नमुना संकलन तथा प्रशोधन।

(ख)प्रयोगशालामा पोशक तत्त्वको मापन र परिक्षण।

(ग)किसानलाई माटोको स्वास्थ्य कार्ड (स्वाइल हेल्थ कार्ड) वितरण, कृषि चून वा सन्तुलित मलखाद प्रयोगबारे सिफारिस।

(घ)स्थाइ प्रयोगशालाका साथै किसानकै खेतमा सेवा पुर्याउन घुम्ति माटो परिक्षण प्रयोगशाला (मोबाइल स्वयल टेस्टिङ्ग ल्याब) संचालन गरिनेछ।

(ङ)किसानले ल्याएका रोग वा किरा ग्रस्त बाली विरुवाको नमुनाको प्रत्यक्ष निरिक्षण गरिनेछ।

(च)बालीको शिविरको माध्यमबाट कृषि प्राविधिकद्वारा रोग र किराको सही पहिचान गरिनेछ।

(छ)एकिकृत शत्रु जिव व्यवस्थापन विधि वा उपयुक्त विषादिको सहि मात्रा, प्रयोग गर्ने विधि, बारे सिफारिस र परामर्श सेवा प्रदान गरिनेछ।

(ज)कृषकहरुलाई बाली स्वास्थ्य सम्बन्धी चेतना र प्राविधिक ज्ञान प्रदान गरिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

देवचुली नगरपालिका राजपत्र

**३२. नगरपालिका भित्र रहेका खेतीयोग्य बाँझो जमिनको लगत संकलन गरी व्यावसायिक खेतीका लागि उपयोग गर्ने कृषक वा समूहलाई विशेष प्रोत्साहन र प्राविधिक सहयोग कार्यक्रमः** (१)नगरपालिका क्षेत्रभित्र रहेका खेतीयोग्य बाँझो जग्गाको अभिलेखीकरण गरी कृषकहरूलाई व्यावसायिक प्रोत्साहन एवम् प्राविधिक सहायता प्रदान गर्दै परम्परागत शैलीको कृषिलाई आधुनिक तथा व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु यस कार्यक्रमको मुख्य लक्ष्य रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, कृषिसँग सम्बन्धित समितिहरू हुने छन् ।

(३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरु निम्न बमोजिम हुनेछन्ः

(क)बाँझो जमिनको लगत संकलनः वडास्तरबाट सबै खेतीयोग्य बाँझो जग्गाको क्षेत्रफल, स्वामित्व र माटोको अवस्थासहितको तथ्यांक संकलन गरिनेछ।

(ख)कृषक र समूह आह्वानः व्यावसायिक खेती गर्न इच्छुक कृषक, कृषि सहकारी वा युवा समूहहरूबाट प्रस्ताव आह्वान गरिनेछ।

(ग)जग्गा भाडा (Lease) समन्वयः जग्गाधनी र खेती गर्ने कृषक समूहबीच निश्चित अवधिका लागि जग्गा भाडामा लिन/दिन नगरपालिकाले मध्यस्थता गरि निश्चित समयको जग्गा भाडा कार्यपालिकाको निर्णय बमोजिम वेहोर्न सक्नेछ।

(घ)माटो परीक्षण र बाली सिफारिसः बाँझो जमिनको माटो परीक्षण गरी त्यहाँ उपयुक्त हुने विशेष बाली (तरकारी, फलफूल वा अन्न) सिफारिस गरिनेछ।

(ङ)प्राविधिक तथा व्यावसायिक तालिमः छनोट भएका कृषकहरूलाई आधुनिक खेती प्रणाली र रोग-कीट व्यवस्थापन सम्बन्धी सघन तालिम दिइनेछ।

(च)बिउ, मल र औजार अनुदानः उन्नत बिउबिजन, जैविक/रासायनिक मल र आधुनिक कृषि उपकरणहरू (हाते ट्याक्टर आदि) अनुदानमा उपलब्ध गराइनेछ।

(छ)सिँचाइ पूर्वाधार निर्माणः खेती सुरु हुने क्षेत्रहरूमा बोरिङ, कुलो वा थोपा सिँचाइ जस्ता साना सिँचाइ आयोजनाहरू सञ्चालन गर्न सकिनेछ।

(ज)नियमित अनुगमन र प्राविधिक सहयोगः कृषि प्राविधिकहरू मार्फत खेतमै पुगेर नियमित निरीक्षण
र परामर्श सेवा दिइनेछ।

(झ)बजार व्यवस्थापन र संकलन केन्द्रः उत्पादित कृषि उपजहरू सहजै बिक्री गर्न स्थानीय संकलन केन्द्र स्थापना गर्ने र बजारसँग समन्वय गराइदिइनेछ।

(ञ) प्रति कठ्ठा प्रोत्साहन अनुदानः खेती सुरु गरेपछि पहिलो वर्ष जोताई, बीउ र सिँचाइमा एकमुष्ट रु ३००० प्रति कठ्ठा प्रोत्साहन रकम उपलब्ध गराउने।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

३३. **कृषक समूह सुदृढीकरण कार्यक्रम (क्षमता अभिवृद्धि तालिम):(१)**परम्परागत र निर्वाहमुखी कृषिमा आबद्ध कृषक समूहहरूलाई संगठित, दक्ष र व्यावसायिक

बनाउँदै स्थानीय स्तरमा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक समूह र कृषिसँग सम्बन्धित समितिहरू हुने छन् ।

(३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरु निम्न बमोजिम हुनेछन्ः

(क)समूहहरूको पहिचान र वर्गीकरणः नगरपालिकाभित्र सक्रिय, निष्क्रिय वा नयाँ गठन भएका कृषक समूहहरूको वस्तुस्थिति बुझ्न प्रोफाइल तयार गरिनेछ।

(ख)तालिमको आवश्यकता पहिचानः कृषक समूहहरूलाई कुन क्षेत्रमा (संस्थागत विकास, प्राविधिक खेती, वा बजारीकरण) तालिम चाहिएको हो, सोको आवश्यकता संकलन गरिनेछ।

(ग)संस्थागत क्षमता विकास तालिमः समूह सञ्चालन, माइन्युट लेखन, खाता व्यवस्थापन, आन्तरिक बचत तथा ऋण परिचालन र नेतृत्व विकास सम्बन्धी तालिम संचालन गरिनेछ।

(घ)व्यावसायिक कृषि योजना (Business Plan) तर्जुमा कार्यशालाः कृषक समूहहरूलाई सामूहिक रूपमा व्यावसायिक योजना बनाउन, लागत अनुमान गर्न र नाफा-नोक्सान हिसाब गर्न सिकाइनेछ।

(ङ)आधुनिक कृषि प्रविधि तथा प्रयोगात्मक तालिमः माटो व्यवस्थापन, बेर्ना उत्पादन, टनेल खेती, थोपा सिँचाइ र आधुनिक कृषि औजारको प्रयोगबारे व्यावहारिक ज्ञान दिइनेछ।



देवचुली नगरपालिका राजपत्र

(च)एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) तालिमः रासायनिक विषादीको प्रयोग घटाउन, जैविक मल र घरेलु जैविक विषादी बनाउने तथा रोग-कीट नियन्त्रण गर्ने प्रयोगात्मक विधि सिकाइनेछ।

(छ)कृषि उद्यमशीलता तथा वित्तीय साक्षरताः बैंक तथा वित्तीय संस्थाबाट कृषि ऋण लिने प्रक्रिया, कृषि बीमा (Crop Insurance) को महत्त्व र डिजिटल वित्तीय कारोबार सम्बन्धी ज्ञान दिने तालिम संचालन गरिनेछ।

(ज)अन्तर-समूह भ्रमण तथा सिकाई आदानप्रदानः उत्कृष्ट रूपमा सञ्चालन भइरहेका छिमेकी स्थानीय तह वा जिल्ला भित्र बाहिरका सफल कृषि फार्म तथा सहकारीहरूको अवलोकन भ्रमण गराइनेछ।

(झ)पोस्ट-हार्भेष्ट (post-harvest) प्रविधि तालिमः उत्पादित कृषि उपजलाई बिग्रन नदिन ग्रेडिङ (Grading), प्याकेजिङ (Packaging), भण्डारण र प्रशोधन गर्ने तरिका सिकाइनेछ।

(ञ)बजार समन्वय बैठकः कृषक समूह, स्थानीय व्यापारी र कृषि सहकारीहरूबीच मूल्य निर्धारण र सिधै उत्पादन खरिद-बिक्रीका लागि समन्वय बैठक संचालन गरिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

३४. **सेवा टेवासहित स्थलगत तालिमः**(१)कृषकहरूलाई खेतबारीमै व्यावहारिक ज्ञान सिकाउनुका साथै आवश्यक कृषि सामग्री (टेवा) उपलब्ध गराई तत्काल

देखिएका प्राविधिक समस्या समाधान गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहनेछ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, कृषिसँग सम्बन्धित समितिहरू हुने छन् ।

(३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरु निम्न बमोजिम हुनेछन्:

(क)खेतमै माटो परीक्षण र सुधार शिविरः कृषकको खेतको माटो स्थलगत रूपमै परीक्षण गरी अम्लीयपन सुधारका लागि कृषि चून र उपयुक्त मल वितरण गरिनेछ।

(ख)प्लास्टिक टनेल निर्माण र नर्सरी व्यवस्थापनः खेतमै टनेल बनाउने, मल्चिङ (Mulching) प्रविधि प्रयोग गर्ने र आधुनिक तरिकाले स्वस्थ बेर्ना उमार्ने प्रयोगात्मक अभ्यास गराइनेछ।

(ग)जैविक मल र घरेलु विषादी निर्माण झोलः स्थानीय स्तरमा पाइने तीतेपाती, असुरो, र गाईको गहुँत प्रयोग गरेर रोग-कीट नियन्त्रण गर्ने जैविक झोल मल (झोलमोल) बनाउन सिकाइनेछ।

(घ)आधुनिक कृषि औजार सञ्चालन प्रदर्शनः हाते ट्याक्टर (Power Tiller), ड्याङ बनाउने मेसिन, र आधुनिक स्प्रेयर मेसिन चलाउने तरिका सिकाउँदै समूहलाई औजार हस्तान्तरण (टेवा) गरिनेछ।

(ङ)तरकारी तथा फलफूल काँटछाँट र कलमी अभ्यासः फलफूलका बिरुवा (जस्तैः कागती, आँप) र लहरे तरकारीको उचित काँटछाँट (Pruning) र कलमी (Grafting) गर्ने सीप सिकाइनेछ।

(च)रोग-कीट पहिचान र "प्लान्ट क्लिनिक" (Plant Clinic): बालीमा लागेको रोग वा कीरा कृषकले खेतमै प्राविधिकलाई देखाउने र प्राविधिकले तुरुन्तै औषधी र समाधानको उपाय (टेवा) सिफारिस गरिनेछ।

(छ)उन्नत बिउ र मिनी-किट (Mini-kit) वितरणः तालिमकै अवसरमा कृषकहरूलाई उच्च उत्पादन दिने उन्नत जातका बिउबिजन र जैविक विषादीको सानो प्याकेज कृषक समूहको हकमा निःशुल्क र अन्यको हकमा अनुदानमा उपलब्ध गराउन सकिनेछ।

(ज)थोपा सिँचाइ र मल्चिङ प्रविधि जडानः कम पानी भएको ठाउँमा थोपा सिँचाइ (Drip Irrigation) प्रविधि कसरी जडान गर्ने र पाइपलाइन कसरी मिलाउने भन्ने स्थलगत अभ्यास गराइनेछ।

(झ)थन्क्याउने (post-harvest) प्रविधि प्रदर्शनः उत्पादित तरकारी वा अन्नलाई बिग्रन नदिन ग्रेडिङ गर्ने, क्रेटमा सुरक्षित राख्ने र भण्डारण गर्ने सहि तरिका सिकाइनेछ।

(ञ)खेतमै माटो परीक्षण र सुधार शिविरः कृषकको खेतको माटो स्थलगत रूपमै परीक्षण गरी अम्लीयपन सुधारका लागि कृषि चून र उपयुक्त मल वितरण गर्ने।

(ट)प्लास्टिक टनेल निर्माण र नर्सरी व्यवस्थापनः खेतमै टनेल बनाउने, मल्चिङ (Mulching) प्रविधि प्रयोग गर्ने र आधुनिक तरिकाले स्वस्थ बेर्ना उमार्ने प्रयोगात्मक अभ्यास गराउन सकिनेछ।

देवचुली नगरपालिका राजपत्र

(ठ)जैविक मल र घरेलु विषादी निर्माण झोलः स्थानीय स्तरमा पाइने तीतेपाती, असुरो, र गाईको गहुँत प्रयोग गरेर रोग-कीट नियन्त्रण गर्ने जैविक झोल मल (झोलमोल) बनाउन सिकाउन सकिनेछ।

(ड)आधुनिक कृषि औजार सञ्चालन प्रदर्शनः हाते ट्याक्टर (Power Tiller), ड्याङ बनाउने मेसिन, र आधुनिक स्प्रेयर मेसिन चलाउने तरिका सिकाउँदै समूहलाई औजार हस्तान्तरण (टेवा) गर्न सकिनेछ।

(ढ)तरकारी तथा फलफूल काँटछाँट र कलमी अभ्यासः फलफूलका बिरुवा (जस्तैः कागती, आँप) र लहरे तरकारीको उचित काँटछाँट (Pruning) र कलमी (Grafting) गरी सीप सिकाउन सकिनेछ।

(ण)रोग-कीट पहिचान र "प्लान्ट क्लिनिक" (Plant Clinic): बालीमा लागेको रोग वा कीरा कृषकले खेतमै प्राविधिकलाई देखाउने र प्राविधिकले तुरुन्तै औषधी र समाधानको उपाय (टेवा) सिफारिस गर्न सकिनेछ।

(त)उन्नत बिउ र मिनी-किट (Mini-kit) वितरणः तालिमकै अवसरमा कृषकहरूलाई उच्च उत्पादन दिने उन्नत जातका बिउबिजन र जैविक विषादीको सानो प्याकेज कृषक समुहको हकमा निःशुल्क र अन्यको हकमा अनुदानमा उपलब्ध गराउन सकिनेछ।

(थ)थोपा सिँचाइ र मल्चिङ प्रविधि जडानः कम पानी भएको ठाउँमा थोपा सिँचाइ (Drip Irrigation) प्रविधि कसरी जडान गर्ने र पाइपलाइन कसरी मिलाउने भन्ने स्थलगत अभ्यास गराउन सकिनेछ।

देवचुली नगरपालिका राजपत्र

(द)थन्क्याउने (post-harvest) प्रविधि प्रदर्शनः उत्पादित तरकारी वा अन्नलाई बिग्रन नदिन ग्रेडिङ गर्ने, क्रेटमा सुरक्षित राख्ने र भण्डारण गर्ने सहि तरिका सिकाउन सकिनेछ।

(ध)खेतबारीमै प्राविधिक उपस्थितिः कृषकको खेतमै पुगेर स्थलगत समस्या पहिचान र समाधान दिने क्लिनिक संचालन गरिनेछ।

(न)नमुना परीक्षण किट सहयोगः प्राविधिक टोलीलाई स्थलगत माटो, पानी र रोग परीक्षण किटसहित परिचालन गर्न सकिनेछ।

(प)माग अनुसारको तालिम संचालनः कृषक समूहको माग अनुसार विभिन्न किसिमका तालिम संचालन गर्न सकिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

३५. **कृषि उपज सङ्कलन केन्द्रहरू सुदृढीकरण कार्यक्रमः** (१)कृषि उपज सङ्कलन केन्द्रहरूको भौतिक पूर्वाधार र व्यवस्थापनमा सुधार गरी बिचौलियाको अन्त्य गर्ने र कृषकहरूलाई आफ्ना उत्पादनको उचित मूल्य एवं सहज बजार पहुँच सुनिश्चित गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, कृषि उपज संकलन केन्द्र र कृषिसँग सम्बन्धित समितिहरू हुने छन्।

(३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरु निम्न बमोजिम हुनेछन्:

देवचुली नगरपालिका राजपत्र

(क)भौतिक पूर्वाधार सुधार र विस्तारः सङ्कलन केन्द्रको भवन मर्मत गर्न, तरकारी राख्ने ट्रस (Truss) बनाउन, र पानी तथा बिजुलीको उचित व्यवस्थापन गर्न सकिनेछ।

(ख)शीतभण्डार (Cold Room) र भण्डारण जडानः स्थानीय स्तरमै तरकारी र फलफूललाई केही दिन सुरक्षित राख्न साना खाले शीतभण्डार वा 'जिरो इनर्जी च्याम्बर' निर्माण गर्न सकिनेछ।

(ग)आधुनिक नापतौल र ग्रेडिङ उपकरण वितरणः केन्द्रहरूलाई डिजिटल तराजु, क्रेट (Crates), र कृषि उपज सफा गर्ने तथा वर्गीकरण (Grading) गर्ने मेसिनहरू उपलब्ध गराउन सकिनेछ।

(घ)सङ्कलन केन्द्र व्यवस्थापन तालिमः सङ्कलन केन्द्र सञ्चालन गर्ने समिति वा सहकारीका सदस्यहरूलाई व्यवसाय व्यवस्थापन, लेखापालन, र बजार चक्र सम्बन्धी तालिम दिन सकिनेछ।

(ङ)डिजिटल बजार सूचना बोर्ड स्थापनाः बजारको ताजा मूल्य सूची र माग कृषकहरूले सजिलै देख्न सक्ने गरी सङ्कलन केन्द्रमा डिजिटल डिस्प्ले बोर्ड वा मोबाइल एप्लिकेसन प्रणाली जडान गरिनेछ।

(च)ढुवानी साधन (कृषि एम्बुलेन्स) समन्वयः उत्पादित सामग्रीलाई बजारसम्म सुरक्षित र छिटो पुऱ्याउन पिकअप भ्यान वा कृषि ढुवानी साधनको व्यवस्था वा अनुदान सहयोग गर्न सकिनेछ।

(छ)क्रेता-विक्रेता (व्यापारी-कृषक) नेटवर्क बैठकः ठूला थोक व्यापारी, सुपरमार्केट र कृषकहरूबीच नियमित समन्वय गराई अग्रिम

देवचुली नगरपालिका राजपत्र

खरिद सम्झौता (Contract Farming) का लागि वातावरण मिलाउन सकिनेछ।

(ज)अर्गानिक वा प्रिमियम उत्पादन प्रमाणीकरणः संकलन केन्द्रमा आउने उपजहरूको गुणस्तर जाँच्ने र अर्गानिक उत्पादनलाई छुट्टै ब्राण्डिङ गरी बढी मूल्यमा बिक्री गर्ने व्यवस्था मिलाउन सकिनेछ।

(झ)भौतिक पूर्वाधार सुधारः स्थानीय हाटबजार तथा संकलन केन्द्रहरूमा डिजिटल तराजु, क्रेट, सेड निर्माण र पानीको व्यवस्था मिलाउन सकिनेछ।

(ञ)बजार सूचना प्रणालीः संकलन केन्द्रमा दैनिक थोक बजार मूल्य डिस्प्ले बोर्ड स्थापना गर्न सकिनेछ वा नजिकका राष्ट्रिय हाट बजारबाट थोक बजार मुल्य जारी गर्न सकिनेछ।

(३) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

३६. **कृषि प्रदर्शनी मेला, दिवस तथा महोत्सव कार्यक्रमः**(१)स्थानीय कृषकहरूका उत्कृष्ट कृषि उपज र आधुनिक प्रविधिहरूको प्रवर्द्धन एवं प्रदर्शन गरी कृषकहरूबीच प्रविधि र ज्ञानको आदानप्रदान बढाउने र उत्कृष्ट कृषकहरूलाई पुरस्कृत गर्दै व्यावसायिक खेतीतर्फ प्रोत्साहित गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, कृषिसँग सम्बन्धित समितिहरू हुने छन्।

(३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरु निम्न बमोजिम हुनेछन्ः

क)कृषि उपज प्रदर्शनी कक्ष स्थापनाः कृषकहरूले उत्पादन गरेका उत्कृष्ट तरकारी, फलफूल, अन्न बाली र रैथाने उत्पादनहरू प्रदर्शनका लागि विधागत स्टलहरू (Stalls) निर्माण गरिनेछ।

ख)खेती प्रविधि र आधुनिक औजार प्रदर्शनः नयाँ प्रविधिका कृषि औजार (हाते ट्याक्टर, ड्रोन, थोपा सिँचाइ) र आधुनिक खेती प्रणालीको प्रत्यक्ष प्रदर्शनी गर्न सकिनेछ।

ग)गुणस्तर मूल्यांकन तथा कृषक छनोटः विज्ञ टोलीद्वारा मेलामा सहभागी कृषि उपजहरूको गुणस्तर र कृषकको व्यावसायिकताको प्राविधिक मूल्यांकन गरिनेछ।

घ)घनिष्ट कृषक-विज्ञ अन्तरक्रिया (कृषि क्लिनिक)ः मेला स्थलमै कृषि प्राविधिक र कृषकहरूबीच रोग-कीट व्यवस्थापन र माटो सुधारबारे प्रत्यक्ष छलफल गराउन सकिनेछ।

ङ)उत्साहजनक सांस्कृतिक कार्यक्रमः कृषिको महत्त्व झल्काउने सचेतनामूलक सडक नाटक, लोकदोहोरी र सांस्कृतिक झाँकीहरू प्रस्तुत गरिनेछ।

च)चिनारी तथा रैथाने बिउ प्रवर्द्धनः स्थानीय स्तरमा लोप हुन लागेका रैथाने बिउबिजन र जैविक मल/विषादी बनाउने तरिकाको विशेष चिनारी स्टल राख्न सकिनेछ।

छ)छनोट भएका उत्कृष्ट कृषकलाई पुरस्कार वितरणः विभिन्न विधामा उत्कृष्ट ठहरिएका कृषकहरूलाई नगद, प्रमाणपत्र र कृषि सामग्रीसहित भव्य सम्मान र पुरस्कार प्रदान गरिनेछ।

देवचुली नगरपालिका राजपत्र

ज)वित्तीय तथा बीमा परामर्श सेवाः बैंक र बीमा कम्पनीहरूको स्टल मार्फत कृषकहरूलाई कृषि कर्जा र बाली/पशु बीमा प्रक्रियाबारे स्थलगत परामर्श उपलब्ध गराउन सकिनेछ।

झ)स्थानीय कृषि परिकार उत्सवः नगरपालिकाभित्र उत्पादित कृषि उपजहरूबाट तयार पारिएका परम्परागत र स्थानीय रैथाने खाद्य परिकारहरूको स्वाद चाख्ने र बिक्री गर्ने व्यवस्था मिलाइनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

३७. **कृषि सामग्री प्रकाशन तथा प्रसारण कार्यक्रमः**(१)आधुनिक कृषि प्रविधि, मौसम, बजार र नगरपालिकाका कृषि अनुदान सम्बन्धी सूचनाहरू विभिन्न सञ्चार माध्यमबाट कृषकहरूसम्म नियमित पुऱ्याएर उनीहरूको व्यावसायिक क्षमता र उत्पादन वृद्धि गर्नु यस कार्यक्रमको मुख्य लक्ष रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, कृषिसँग सम्बन्धित समितिहरू हुने छन् ।

(३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरु निम्न बमोजिम हुनेछन्ः

क)कृषि डायरी, किसान कार्ड, फ्याक्ट सिट, प्राविधिक पुस्तिका र ब्रोसरहरूको छपाई तथा वितरण गरिनेछ।

ख)स्थानीय एफ.एम., रेडियो र सञ्चार माध्यमहरूबाट कृषि मौसम र बजार मूल्य नियमित प्रसारण गर्न सकिनेछ।

ग)आधुनिक खेती प्रविधि र रोग-कीट नियन्त्रण सम्बन्धी चेतनामूलक डिजिटल भिडियोहरू निर्माण गरिनेछ।



देवचुली नगरपालिका राजपत्र

घ)नगरपालिकाको वेबसाइट र सामाजिक सञ्जालमा कृषि सम्बन्धी सूचना पोर्टल नियमित रूपमा सञ्चालन गर्न सकिनेछ।

ङ)आकस्मिक मौसम परिवर्तन वा रोगको महामारीबारे कृषकहरूको मोबाइलमा एसएमएस (SMS) सेवा प्रवाह गरिनेछ।

च)सफल कृषकहरूको व्यावसायिक यात्रा र सफलताका कथाहरू समेटेर वृत्तचित्र (Documentary) प्रदर्शन गर्न सकिनेछ।

छ)कृषि शाखाबाट प्राप्त हुने अनुदान, सेवा र कार्यक्रमहरूको कार्यविधि समेटिएको निर्देशिका प्रकाशन गरिनेछ।

ज)विभिन्न वडा र सार्वजनिक स्थलहरूमा आधुनिक कृषिका रङ्गीन सूचना बोर्डहरू स्थापना गर्न सकिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

३८. **मायाको चिनोका लागि स्थानीय कृषिजन्य उत्पादन खरिद कार्यक्रमः**(१)नगरपालिकामा आयोजना हुने कार्यक्रम, अतिथि भेटघाट, सभा समारोह, गोष्ठिहरुमा दिइने मायाको चिनोका लागि स्थानीय कृषकहरूले उत्पादन गरेका विशुद्ध कृषिजन्य सामग्रीहरू खरिद गरी स्थानीय रैथाने उत्पादनको प्रवर्द्धन गर्नु र कृषकहरूको आन्तरिक आम्दानी वृद्धि गर्नु यस कार्यक्रमको मुख्य लक्ष्य रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, कृषिसँग सम्बन्धित समितिहरू हुने छन् ।

(३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरु निम्न बमोजिम हुनेछन्ः

देवचुली नगरपालिका राजपत्र

क)मायाको चिनोका रूपमा प्रयोग गर्न सकिने स्थानीय रैथाने कृषिजन्य उत्पादनहरूको (जस्तैः अर्गानिक मह, गुन्द्रुक, अनदीको चामल, घरेलु हस्तकला आदि) पहिचान र विधागत सूची तयार गरिनेछ।

ख)व्यावसायिक रूपमा गुणस्तरीय कृषि सामग्री उत्पादन गर्ने स्थानीय कृषक, कृषि समूह र सहकारीहरूको लगत संकलन गर्न सकिनेछ।

ग)नगरपालिका र वडा कार्यालयहरूमा आयोजना हुने विभिन्न सभा, समारोह तथा कार्यक्रमहरूमा अनिवार्य रूपमा स्थानीय कृषिजन्य उत्पादन(सयपत्री फूल,मह लगायत)लाई नै मायाको चिनोका रूपमा वितरण गरिनेछ।

घ)खरिद प्रक्रियालाई सहज र पारदर्शी बनाउन कृषक सहकारी वा संकलन केन्द्रहरूसँग वार्षिक न्यूनतम मूल्य निर्धारण र आपूर्ति सम्झौता गर्न सकिनेछ।

ङ)उपहारका रूपमा दिइने कृषि उपजहरूको गुणस्तर सुनिश्चित गरी आकर्षक, पर्यावरणमैत्री र परम्परागत बाँस वा जुटको झोलामा प्याकेजिङ गर्ने व्यवस्था मिलाइनेछ।

च)देवचुली नगरपालिकाको आफ्नै ब्रान्ड र पहिचान झल्किने गरी उपहार सामग्रीहरूमा लोगो र संक्षिप्त परिचयसहितको ट्याग (Tag) समावेश गर्न सकिनेछ।

देवचुली नगरपालिका राजपत्र

छ)उत्पादित सामग्रीहरूको बजारीकरण र सुरक्षित भण्डारणका लागि नगरपालिकाको कृषि शाखा वा तोकिएको संकलन केन्द्रमा छुट्टै भण्डार कक्ष व्यवस्थापन गरिनेछ।

ज)यस नौलो कार्यक्रमको प्रभावकारिता र कृषकको आयआर्जनमा परेको प्रभावबारे चौमासिक रूपमा समीक्षा तथा अनुगमन गर्न सकिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

३९. **बाली बिमा सचेतना कार्यक्रमः**(१)प्राकृतिक प्रकोप, रोग-कीट वा मौसम परिवर्तनका कारण बालीनालीमा हुने आर्थिक क्षतिबाट कृषकहरूलाई जोगाउन बाली बिमाको पहुँच र प्रयोग बढाई कृषि व्यवसायलाई सुरक्षित र दिगो बनाउनु यस कार्यक्रमको मुख्य लक्ष्य रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, कृषिसँग सम्बन्धित समितिहरू हुने छन् ।

(३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरु निम्न बमोजिम हुनेछन्:

क)नगरपालिकाका सबै वडाहरूमा कृषि समूह,विद्यालय र सहकारी मार्फत बाली बिमाको महत्त्व र प्रक्रिया सम्बन्धी सचेतना अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

ख)नेपाल सरकारले दिने बिमा प्रिमियम अनुदान र नगरपालिकाले थप गर्न सक्ने प्रोत्साहन छुट सम्बन्धी जानकारी कृषकहरू माझ प्रवाह गर्न सकिनेछ।

देवचुली नगरपालिका राजपत्र

ग)कृषकहरूलाई बिमा दाबी (Claim) गर्ने सही तरिका, आवश्यक कागजात र प्राविधिक प्रक्रियाबारे स्थलगत व्यावहारिक सिकाई प्रदान गरिनेछ।

घ)बिमा कम्पनी, कृषि प्राविधिक र कृषकहरू बीच सिधै सम्पर्क गराई खेतबारीमै बाली बिमा फारम भर्ने र अनलाइन दर्ता गर्ने शिविर आयोजना गर्न सकिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

४०. **बीउ उत्पादन प्रवर्द्धन कार्यक्रमः** (१)नगरपालिकाभित्रै उच्च गुणस्तरको उन्नत तथा रैथाने जातका बिउबिजन उत्पादन गरी बिउमा आत्मनिर्भर बन्ने, बाहिरबाट आयात हुने कमसल बिउको जोखिम न्यूनीकरण गर्ने र कृषकहरूलाई बिउ उत्पादकका रूपमा विकास गरी आन्तरिक आम्दानी वृद्धि गर्नु यस कार्यक्रमको मुख्य लक्ष्य रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समुदाय देवचुली नगरपालिकाभित्र विधिवत दर्ता भई सञ्चालनमा रहेका कृषि सहकारीहरू, सूचीकृत कृषक समूहहरू, कृषि उद्यमि, कृषि फर्म/फार्म, व्यावसायिक बिउ उत्पादक कृषकहरू, महिला कृषक समूहहरू तथा विदेशबाट फर्किएर सामूहिक कृषिमा लागेका युवाहरू हुनेछन्।

(३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरु निम्न बमोजिम हुनेछन्ः

क)बिउ उत्पादन गर्न इच्छुक कृषक तथा सहकारीहरूको पहिचान गरी उनीहरूलाई गुणस्तरीय बिउ उत्पादन प्रविधि सम्बन्धी सघन



देवचुली नगरपालिका राजपत्र

तालिम सञ्चालन गरिनेछ र यसका लागि तालिम सहजकर्ता/विज्ञ पारिश्रमिक, हल भाडा, कृषकहरूको खाजा खर्च तथा तालिम सामग्री (कापी, डटपेन, निर्देशिका) शीर्षक मा खर्च गर्न सकिनेछ।

ख)नेपाल सरकारका मान्यता प्राप्त अनुसन्धान केन्द्रहरूबाट मूल बिउ (Breeder/Foundation Seed) खरिद गरी कृषकहरूलाई स्रोत बिउका रूपमा वितरण गरिनेछ र यसका लागि मूल बिउ खरिद ढुवानी खर्च, प्याकेजिङ तथा स्रोत बिउ अनुदान शीर्षक मा खर्च गर्न सकिनेछ।

ग)उत्पादित बिउको शुद्धता र गुणस्तर कायम राख्न खेतबारीमै पुगेर प्राविधिक टोलीद्वारा बाली निरूपण (Rouging) तथा रोग-कीट निरीक्षण कार्य गरिनेछ र यसका लागि प्राविधिकहरूको स्थलगत अनुगमन भत्ता, इन्धन खर्च, रोग नियन्त्रणका लागि आकस्मिक जैविक विषादी सहयोग शीर्षक मा खर्च गर्न सकिनेछ।

घ)उत्पादित बिउलाई सुरक्षित रूपमा भण्डारण, प्रशोधन र प्रमाणीकरण गरी बजारमा पठाउने व्यवस्था मिलाइनेछ र यसका लागि बिउ छान्ने मेसिन (Grading Machine) खरिद सहयोग, बिउ राख्ने आधुनिक जुट/प्लास्टिकका बोरा, ट्याग (Tag) तथा ल्याब परीक्षण/प्रमाणीकरण शुल्क शीर्षक मा खर्च गर्न सकिनेछ।

ङ)कृषकहरूले उत्पादन गरेको बिउ सहजै बिक्री होस् भन्नका लागि स्थानीय कृषि सहकारीहरूसँग समन्वय गरी बिउ सङ्कलन तथा बजारीकरण नेटवर्क स्थापना गरिनेछ र यसका लागि अन्तरक्रिया



देवचुली नगरपालिका, राजपत्र

गोष्ठी खर्च, सञ्चार तथा प्रचार-प्रसार (रेडियो/ब्रोसर) र सुरुवाती ढुवानी अनुदान शीर्षक मा खर्च गर्न सकिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

४१. **किसान प्रोत्साहन कार्यक्रमः**(१)कृषि पेशामा लागेका कृषकहरूको मनोबल उच्च बनाउँदै व्यावसायिक खेतीतर्फ आकर्षित गर्ने, उत्पादनका आधारमा सिधै प्रोत्साहन रकम उपलब्ध गराउने र युवाहरूलाई कृषि उद्यमशीलतामा टिकाइराखी उत्पादनमा आत्मनिर्भरता हासिल गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समुदाय देवचुली नगरपालिकाभित्रका साना तथा सीमान्तकृत कृषकहरू, व्यावसायिक कृषि फार्महरू, कृषि सहकारी वा समूहमा आबद्ध महिला तथा युवा कृषकहरू, र कृषि क्षेत्रमा उत्कृष्ट कार्य गरिरहेका अगुवा कृषकहरू हुन्।

(३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरु निम्न बमोजिम हुनेछन्ः

क)नगरपालिकाले तोकेका मुख्य बाली (जस्तैःसंकलन केन्द्रमा संकलित मुख्य तरकारी,व्यावसायिक तरकारी, रैथाने चामल लगायत) को वास्तविक बिक्रीका आधारमा कृषकलाई सिधै प्रति इकाई नगद प्रोत्साहन उपलब्ध गराइनेछ र यसका लागि प्रति केजी कृषि उपज उत्पादनमा आधारित सिधै बैंक खातामा पठाइने नगद प्रोत्साहन

अनुदान शीर्षक मा खर्च गर्न वा यस्तै प्रकृतिका कार्यक्रम संचालन गर्न सकिनेछ।

ख)चुरेको फेद र सुख्खा क्षेत्रमा खेती गर्ने किसानहरूको लागत घटाउन तथा उत्पादकत्व बढाउन उत्पादनमा प्रयोग हुने सामग्री र ऊर्जामा सहुलियत प्रदान गरिनेछ र यसका लागि सिँचाइका लागि खपत हुने कृषि विद्युत् महसुल छुट, स्यालो ट्युबवेल/बोरिङ मोटर, थोपा सिँचाइ प्रविधि तथा उन्नत बिउ/मलमा सहुलियत शीर्षक मा खर्च गर्न वा कार्यक्रम संचालन गर्न सकिनेछ।

ग)प्रत्येक वर्षको धान दिवस, खाद्य दिवस वा किसान दिवस को अवसर पारेर नगरस्तरमा उत्कृष्ट काम गर्ने कृषकहरूलाई सार्वजनिक रूपमा सम्मान गरिनेछ र यसका लागि उत्कृष्ट कृषक/उत्कृष्ट युवा कृषि उद्यमी पुरस्कार (नगद, दोसल्ला, प्रमाणपत्र) तथा पुरस्कार वितरण समारोह व्यवस्थापन खर्च शीर्षक मा खर्च गर्न वा कार्यक्रम संचालन गर्न सकिनेछ।

घ)विदेशबाट फर्किएका वा स्थानीय स्तरमै नयाँ कृषि उद्यम (जस्तैः टनेल खेती,व्यावसायीक तरकारी खेति, व्यावसायिक च्याउ खेती लगायत ) सुरु गर्न चाहने युवाहरूलाई व्यवसाय सुरुवाती सहयोग (Startup Support) उपलब्ध गराइनेछ र यसका लागि युवा लक्षित कृषि नवप्रवर्तन (Innovation) फार्म दर्ता सहजीकरण तथा साना आधुनिक औजार (हाते ट्याक्टर/चफ कटर) अनुदान शीर्षक मा खर्च गर्न वा यस्तै प्रकृतिका कार्यक्रम संचालन गर्न सकिनेछ।

ङ)वास्तविक र योग्य कृषक पहिचान गर्न, दोहोरोपन रोक्न र प्रोत्साहन रकम सिधै वास्तविक किसानसम्म पुऱ्याउन किसान सूचीकरण अभियान चलाइनेछ र यसका लागि किसान डिजिटल प्रोफाईल (Database) निर्माण, तथ्यांक संकलनका लागि गणक परिचालन, सफ्टवेयर व्यवस्थापन तथा स्थलगत प्रमाणीकरण खर्च शीर्षक मा खर्च गर्न वा यस्तै प्रकृतिका कार्यक्रम संचालन गर्न सकिनेछ।

च)नगरपालिकामा तोकिएको म्यादभित्र रीतपूर्वक दर्ता तथा नवीकरणको अद्यावधिक प्रमाण पेश गर्ने योग्य कृषक समूहहरूलाई प्राथमिकताका आधारमा ५० प्रतिशत देखि ७५ प्रतिशत सम्मको विशेष अनुदानमा धान काट्ने ठूलो मेसिन (Combine Harvester) र धान रोप्ने मेसिन (Rice Transplanter) खरिद गरी हस्तान्तरण गरिनेछ र यसका लागि यसै कार्यक्रमबाट खर्च गर्न सकिनेछ।

छ)वितरण गरिएका आधुनिक मेसिनहरू प्रभावकारी रूपमा सञ्चालन गर्न छानिएका कृषक समूहका चालक तथा सदस्यहरूका लागि मेसिन सञ्चालन, मर्मत-सम्भार र सुरक्षा सम्बन्धी स्थलगत प्रयोगात्मक तालिम आयोजना गरिनेछ र यसका लागि प्राविधिक प्रशिक्षक पारिश्रमिक, इन्धन, प्रदर्शन सामग्री तथा सहभागी कृषकहरूको खाजा खर्च शीर्षक मा खर्च गर्न सकिनेछ।

ज)सामूहिक रूपमा मेसिन प्रयोग गर्दा न्यायोचित र सहुलियतपूर्ण भाडा दर (Custom Hiring Rate) निर्धारण गर्न र मेसिनको सुरक्षा सुनिश्चित



देवचुली नगरपालिका राजपत्र

गर्न समूहहरू बीच कार्यविधि तर्जुमा कार्यशाला सञ्चालन गरिनेछ र यसका लागि अन्तरक्रिया गोष्ठी खर्च, कार्यविधि मस्यौदा लेखन तथा मसलन्द (स्टेशनरी) शीर्षक मा खर्च गर्न सकिनेछ।

झ) मेसिन प्राप्त गरेका नवीकृत समूहहरूले आफ्नो क्षेत्रमा धान रोपेको र काटेको वास्तविक क्षेत्रफल र कार्यप्रगतिको प्राविधिक टोलीद्वारा स्थलगत अनुगमन तथा मूल्यांकन गरिनेछ र यसका लागि प्राविधिकहरूको कार्यक्षेत्र भ्रमण भत्ता, अनुगमन इन्धन खर्च तथा डकुमेन्टेसन शीर्षक मा खर्च गर्न सक्नेछन्।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

४२. **एकीकृत अनुगमन कार्यक्रमः**(१)नगरपालिकाभित्र सञ्चालित सम्पूर्ण कृषि योजना, अनुदान र कार्यक्रमहरूको प्रभावकारिता, पारदर्शिता र दिगोपन सुनिश्चित गर्दै वास्तविक कृषकहरूसम्म सेवा पुगे/नपुगेको वैज्ञानिक मूल्याङ्कन गर्नु यस कार्यक्रमको मुख्य लक्ष्य रहेको छ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म/फार्म, कृषि उद्यमी, कृषिसँग सम्बन्धित समितिहरू हुने छन् ।

(३) यस कार्यक्रममा तपसिल बमोजिम खर्च गर्न सकिनेछः

क)नगरपालिकाका जनप्रतिनिधि, कृषि विज्ञ, र प्राविधिकहरू सम्मिलित एक संयुक्त एकीकृत अनुगमन टोलीका लागि बैठक भत्ता, आन्तरिक

देवचुली नगरपालिका राजपत्र

कार्यविधि तयारी खर्च तथा मसलन्द (स्टेशनरी) शीर्षक मा खर्च गर्न सकिनेछ।

ख)अनुदान प्राप्त कृषि फार्म, संकलन केन्द्र र स्थलगत तालिमहरूको पूर्व-निर्धारित सूचकका आधारमा आकस्मिक तथा नियमित निरीक्षण गर्न सकिनेछ र यसका लागि अनुगमन टोलीको दैनिक भ्रमण भत्ता (TADA) तथा सवारी साधन इन्धन/भाडा शीर्षक मा खर्च गर्न सकिनेछ।

ग)अनुगमनका क्रममा खेतबारीमै पुगेर कृषकका समस्या, सन्तुष्टि र कार्यक्रमको वास्तविक प्रभावबारे स्थलगत सिकाई तथा पृष्ठपोषण संकलन गरिनेछ र यसका लागि डिजिटल डाटा संकलन औजार (ट्याब्लेट/मोबाईल एप विकास), स्थलगत अन्तर्वार्ता फारम छपाई तथा सञ्चार खर्च शीर्षक मा खर्च गर्न सकिनेछ।

घ)अनुगमनबाट प्राप्त तथ्य र प्रतिवेदनका आधारमा आगामी वर्षको कृषि नीति र बजेट परिमार्जन गर्न सरोकारवालाहरूसँग समीक्षा गोष्ठी तय गरिनेछ र यसका लागि कार्यक्रम हल भाडा, खाजा/खाना खर्च, प्रतिवेदन लेखन, डकुमेन्टेसन तथा छपाई शीर्षक मा खर्च गर्न सकिनेछ।

(४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

४३. **एकीकृत अनुगमन तथा सुपरिवेक्षण समितिः** (१)यस कार्यविधिमा उल्लेखित अनुदानमा संचालनित कार्यक्रमहरुको चरणबद्ध अनुगमन तथा सुपरिवेक्षण गर्न देहायका पदाधिकारीहरु रहने गरी एक समिति गठन गरिनेछ।

१. उप-प्रमुख - अध्यक्ष
२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
३. आर्थिक विकास समिति संयोजक - सदस्य
४. वडा अध्यक्ष वडा नं ११ - सदस्य
५. वडा अध्यक्ष वडा नं १३ - सदस्य
६. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
७. कृषि विकास शाखा प्रमुख -सदस्य सचिव

(२) **एकीकृत अनुगमन तथा सुपरिवेक्षण समिति**को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः -

(क)तोकिएको कार्यक्रम सञ्चालनका लागि बैठक आयोजना, उपयुक्त कार्यक्षेत्र र क्रियाकलाप पहिचान, बजेट विस्तृतीकरण, सूचना प्रकाशन, आवेदन संकलन र लाभग्राहीको सूची तयारी सम्बन्धी पूर्व तयारीका कार्य गर्ने,

(ख)प्रस्ताव आह्वान पूर्व नै मूल्याङ्कन तथा छनौटका आधारहरु निर्धारण गर्ने,

(ग)रितपूर्वक प्राप्त प्रस्तावको मूल्याङ्कन गरी लाभग्राही छनौट एवम् सिफारिस, लाभग्राहीलाई उपलब्ध गराईने अनुदान रकम एकीन गरी सम्झौता सम्बन्धी पूर्व तयारीका कार्य गर्ने,

(घ)सशर्त लगायत नगरपालिकाबाट स्वीकृत सम्पूर्ण कार्यक्रमको प्रभावकारी कार्यान्वयको लागि सम्बन्धित संघीय निकाय, अन्तर्गतका निकाय, नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयसँग आवश्यक समन्वय गर्ने,



देवचुली नगरपालिका राजपत्र

(ङ)कार्यक्रमको अनुगमन एवम् समीक्षा गर्ने,

(च)कार्यक्रम सञ्चालन सम्बन्धमा आइपरेका समस्याहरूको समाधानका लागि समन्वय तथा सहजिकरण गर्ने,

(छ) कार्यक्रम संचालन पूर्व, संचालनको अवस्थामा र संचालन पश्चात अनुगमन गरि अनुगमन प्रतिवेदन पेश गर्ने,

(ज)प्राप्त आवेदनको मूल्याङ्कन, स्थलगत निरीक्षण, प्रमाणीकरण, सिफारिस, अनुगमन तथा भुक्तानी सिफारिस लगायतको कार्य देवचुली नगरपालिकाको कृषि विकास शाखाले गर्नेछ।

(झ) यस कार्यविधि अनुसार समितिले गर्नु पर्ने अन्य कार्यहरू गर्ने तथा गराउने ।

देवचुली नगरपालिका राजपत्र

अनुसूची - १

(परिच्छेद २ को दफा ८ (१) सँग सम्बन्धित)

कार्यक्रमका लागि प्रस्ताव आह्वानको सूचना (नमूना)

प्रथम पटक प्रकाशित मितिः

देवचुली नगरपालिकाको आर्थिक वर्ष ................ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहायका कार्यक्रमहरु सञ्चालन गर्न प्रस्ताव पेश गर्न इच्छुक नगरपालिकाका कृषक, कृषक समूह, कृषि सहकारी, कृषि व्यवसायी, कृषि फर्म/फार्म, टोल सुधार समिति, सार्वजनिक क्षेत्रका समिति, सामुदायिक तथा सार्वजनिक वन एवम् सम्बन्धित सबैले सूचना प्रकाशन भएको मितिले............दिनभित्र (सम्पन्न हुने मिति सम्म) तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव भरी तपसिल बमोजिमका आवश्यक कागजातहरु समेत संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन् सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएकोछ।साथै, आवेदनका लागि आवश्यक कागजात र फारमहरु Scanned Documents सहित कृषि विकस शाखा, देवचुली नगरपालिकामको इमेल ठेगाना adsdevchuli2077@gmail.com मा समेत पठाउन सकिनेछ।

यस सम्बन्धी थप जानकारीका लागि वेवसाईट.............. वा फोन नं. .. मा सम्पर्क गर्नुहुन् ।

**आवश्यक कागजातहरुः**

- ✓ निवेदन र नागरिकता
- ✓ संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
- ✓ कृषक समूह/कृषि सहकारी/सामुदायीक वन/ कृषि कम्पनीको हकमा बैठकको निर्णयको प्रतिलिपि
- ✓ सम्बन्धित वडाको सिफारिस पत्र
- ✓ कार्यक्रम अनुसार प्रस्तावनाको विस्तृत विवरण

- ✓ निजी फर्म/फार्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदनको प्रतिलिपि
- ✓ कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- ✓ जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी/सक्कल किसान कार्ड
- ✓ प्रतिवद्धता पत्र र स्वघोषणा पत्र
- ✓ आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरू।

देवचुली नगरपालिका राजपत्र

अनुसूची -२

(परिच्छेद २ को दफा ८ (२) सँग सम्बन्धित)

अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)

मितिः

विषयः प्रस्ताव पेस गरिएको सम्बन्धमा।

श्रीमान् ..............................

.........................कार्यालय ।

महोदय,

तहाँ कार्यालयबाट मिति .......... मा प्रकाशित सूचना अनुसार सञ्चालन हुने ............ कार्यक्रमको उद्देश्य, लागत, समयावधि लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा तपसिल बमोजिम प्रस्ताव पेश गर्दछौं / छु ।

तपसिलः

अनुदानग्राहीको

नामः ठेगानाः स्थानीय तहः

वडा नंः कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नुको कारणः

सञ्चालन गरिने कार्यक्रमः

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमबाट लाभान्वित जनसंख्याः

देवचुली नगरपालिका राजपत्र

**कृषक समूह / कृषि सहकारी संस्था / कृषि फर्म/फार्म / उद्यमी**

**कृषक अध्यक्ष/प्रतिनिधिको**

दस्तखतः

नाम थरः

पदः

सम्पर्क फोन नं

मितिः संस्थाको छाप

देवचुली नगरपालिका राजपत्र

अनुसूची - ३

(परिच्छेद २ को दफा १० (२) सँग सम्बन्धित)

सम्झौताको ढाँचा (नमूना)

यो सम्झौता पत्र.......... स्थानीय तह (यस पछि पहिलो पक्ष भनिने) र फर्म/फार्म/उद्यमी कृषक/कृषक समूह/कृषि सहकारी न.पा...... . वडा नं...... टोल (यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलको शर्त वमोजिमको कुराहरूलाई पालना गर्ने कुरा मञ्जुर गरि एक/एक पत्र लियौं/दियौं ।

तपसिलः

१. यो सम्झौता, सम्झौता भएको मिति ........... देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरि मितिः........साल......महिना..... गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

२. यस सम्झौता बमोजिमको ........कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आंफैले गर्नु पर्नेछ। दोस्रो पक्ष आंफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

३. सम्झौता वमोजिमको कार्यसञ्चालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रू– (अक्षरुपी................) बराबरको रकम र दोस्रो पक्षले लागत सहभागिता बमोजिम रू........ (अक्षरुपी——.) रकम व्यहोर्नुपर्नेछ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको.........कार्यक्रम अन्तरगत...व्यवसाय/उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरूले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

६. दोस्रो पक्षले ...... कार्यक्रम अन्तर्गत........... कार्यक्रम सञ्चालन सम्बन्धी क्रियाकलापको सार्वजनिक जानकारीका लागि सार्वजनिक सुनुवाई गराउनुपर्नेछ।

७. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा वा आपुर्तिकर्तालाई भुक्तानि दिँदा प्रथम पक्ष समक्ष विल, भरपाई,कार्यक्रम सम्पन्न भएका रङ्गिग फोटोहरु,

कार्यक्रम सम्पन्न प्रतिवेदन तथा निर्धारण गरिएको अन्य आवश्यक कागजात पेश भए पश्चात सम्बन्धित पक्षको भुक्तानी हुनेछ ।

८. दोस्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानिनोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य ( स्वीकृत प्रस्तावना / इष्टिमेट अनुसार) पूर्णरुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनु पर्नेछ ।

१०. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

(पुनश्चः कार्यविधिको खण्डबाट सम्झौतामा अनिवार्य उल्लेख हुनुपर्ने विषयहरूः १. कार्यक्रमसँग प्रासङ्गिक अन्य विषयहरू (आवश्यक भएमा २. कार्यक्रमको विस्तृत ल. इ. डिजाइन संलग्न बमोजिम हुनेछ ( आवश्यक भएमा ) ३. भुक्तानी हुने खातावालाको नाम तथा खाता नम्वर)

११. यो सम्झौतामा उल्लेख भएका कुराहरूमा यसव मोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१२. दोश्रो पक्षले लागत साझेदारि वापतको रकम नगरपालिकाको विविध खर्च खातामा जम्मा गर्नुपर्नेछ ।

दोश्रो पक्षको तर्फबाट पहिलो पक्षको तर्फबाट

| | |
|---|---|
| दस्तखतः | दस्तखत |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| छापः | कार्यलयको छापः |

रोहवर

| | |
|---|---|
| दस्तखत | दस्तखत |
| नामः | नामः |
| पदः | पदः |
| ठेगानाः | ठेगानाः |

मितिः २०८३/०८४ .... महिना .... गते–..रोज–.शुभम् ।



देवचुली नगरपालिका राजपत्र

अनुसूची - ४

होर्डिङ्ग वोर्ड (नमूना)

(साइज: ३ फिट x २ फिट)

..... स्थानीय तहको नाम

आयोजनाको नामः

आयोजना सञ्चालनगर्ने व्यक्ति/फर्म/फार्म/सहकारी/संस्थाको नामः

ठेगानाः

आयोजनाको कूल लागतः रू

अनुदान रकमः रू

अनुदानग्राहीको योगदान रू

अन्य साझेदार निकायको सहभागिताः रू

आयोजनाको अवधीः २०.. । ... । .... देखि २०

लाभग्राहीहरूको संख्याः महिला पुरूष

१ संचालित क्रियाकलापहरु समेत उल्लेख गर्ने

देवचुली नगरपालिका राजपत्र

अनुसूची – ५

(परिच्छेद ३ को दफा २७ (७) सँग सम्बन्धित)

## प्रस्ताव मूल्याङ्कनका आधारहरु (कुल अङ्कः ९०)

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्कभार |
|---|---|---|
| १ | **खेती गरिने क्षेत्रफल (उत्पादनको आकार)ः** व्यवसायको न्यूनतम आकारका लागि १५ अंक प्रदान गर्ने र थप क्षेत्रफलका लागि खुला जमिनमा प्रति कठ्ठा वा प्रति १०० वर्गमिटर क्षेत्रफलमा बनाईएको संरक्षित संरचनामा खेती वापत १ अंकका दरले थप गरी अधिकतम २५ अंकसम्म प्रदान गर्ने | २५ |
| २ | **सिँचाई सुविधाः** सिँचाईको सुविधा भएको (१० अंक), सिँचाईको सुविधा व्यवस्था गर्न सकिने (५ अंक) | १० |
| ३ | **प्रत्यक्ष रोजगारी सिर्जनाः** ४ जना भन्दा बढी (१५ अंक), ३ देखि ४ जना (१२ अंक), ३ जना भन्दा कम (१० अंक) | १५ |
| ४ | **बाली सघनताः** ३०० प्रतिशत (१५ अंक), २०० प्रतिशत (१० अंक) | १५ |
| ५ | **अनुदानको अवस्थाः** हालसम्म कुनै अनुदान प्राप्त नगरेको (१५ अंक), पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको अनुदान प्राप्त नगरेको (१० अंक), पछिल्लो दुई आ.व. मा अनुदान प्राप्त गरेता पनि व्यवसाय विस्तारका लागि प्रस्ताव पेश गरेको (५ अंक) | १५ |
| ६ | **लक्षित वर्गः** (दलित, महिला, जनजाति, मुश्लिम, पिछडिएको क्षेत्र, पिछडिएको वर्ग आदि) | १० |
| | **जम्मा** | **९०** |

अनुसूची – ६

(परिच्छेद ३ को दफा २७ (४) सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

**क. आवेदकको संक्षिप्त परिचय**

- आवेदक संस्था/कृषकको नामः
- ठेगानाः
- तरकारी खेति गरिने स्थानको ठेगानाः
- प्रोपाईटर/कृषकको नामः
- सम्पर्क नंः

**ख. सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

खेती/व्यवसायको नामः...................................

| क.सं. | हाल खेती गरिरहेको तरकारी बालीको नाम | हाल खेती गरिरहेको क्षेत्रफल (कठ्ठामा) | हालको उत्पादन के.जी.मा | कार्यक्रम संचालनबाट थप हुने क्षेत्रफल/आकार (कठ्ठमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

**ग. कुल अनुमानित उत्पादन र रोजगारी सिर्जना**

- कुल अनुमानित उत्पादनः
- कुल रोजगारी सिर्जनाः

देवचुली नगरपालिका राजपत्र

घ. खेति गरिने तरकारी बाली सम्बन्धी विवरण

| क्र.सं. | तरकारी बालीको नाम | जात | लगाईने क्षेत्रफल कठ्ठामा | कित्ता नं. | बाली रोपिने मिति | तरकारी विक्रि सुरु हुने मिति |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | जम्मा | | | | | |

(ङ) अन्य व्यवसायिक योजना

- नविनतम सोच (नयाँ प्रविधि):
- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ ?):

(च) अन्य विषय केही भए उल्लेख गर्नुहोस्।

प्रमाणित मिति २०८३/०६/१४

आज्ञाले
विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका राजपत्र